# नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

पो.व.नं. : ३९८७
सिंहदरवार, काठमाडौं

पत्र संख्या : ०८२/८३
चलानी नं. ३९३

योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)


मिति - २०८२/१०/१९
*ने. सं. ११४६ सिल्लागा पारु*

*विषयः <u>प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०८२ सम्बन्धमा।</u>*

श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर।
श्री वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौडा, मकवानपुर।
श्री वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की।
श्री वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी)।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

उपर्युक्त सम्बन्धमा नेपाल सरकार (वन तथा वातावरण मन्त्रालयतर्फ) को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सशर्त अनुदान मार्फत प्रदेश सरकारबाट कार्यान्वयन हुने कार्यक्रमहरु कार्यान्वयनका लागि सरलता, सहजता, र एकरुपता प्रदान गर्न **"प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०८२"** वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८२/१०/१५ को निर्णयानुसार स्वीकृत भएको हुँदा आवश्यक कार्यान्वयनका लागि अनुरोध छ। साथै उक्त स्वीकृत कार्यविधि यस मन्त्रालयको वेभसाईट www.mofe.gov.np मा उपलब्ध रहेको व्यहोरा अनुरोध छ।

०८२/१०/१५

रामकृष्ण गौतम
वैज्ञानिक अधिकृत

बोधार्थः
श्री वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौं।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौं।
श्री वनस्पति विभाग, थापाथली, काठमाण्डौं।
श्री वातावरण विभाग, बबरमहल, काठमाण्डौं।


फोन नं. :- ४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४, फ्याक्स नं. :- ४२११८६८

# "प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यविधि, २०८२"

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८२/१०/१५ को निर्णय अनुसार स्वीकृत कार्यविधि।

## आ.व. २०८२/८३

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

## विषयसूची


**प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालन हुने सङ्घीय शसर्त अनुदानका कार्यक्रमहरू ढसबै प्रदेशको लागि)** I

**(क) राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम** १

११.४.३.३३ सामुदायिक वनको कार्ययोजना नविकरण । १

११.४.३.३४ सामुदायिक वन अध्ययन केन्द्रको MIS प्रणालीमा तथ्याङ्क विवरण प्रविष्ट गर्ने । २

११.४.१७.१२४२ विरुवा उत्पादन तथा वृक्षारोपण (रैथाने प्रजाति) ३

११.४.१७.१२४६ सामुदायिक वन व्यवस्थापन, सहजिकरण र समूह सशक्तिकरण ४

११.४.१७.१२५६ चाल्नाखेलको नर्सरी मर्मत र स्तरोन्नती, काठमाडौ । ६

११.४.१७.१२७० प्रभास ताल संरक्षणऽ पाल्पा । ७

११.४.१७.१२४७ स्थानीयतहको सहकार्यमा सार्वजनिक तथा नदी उकास जग्गामा वृक्षारोपण गरी वन विकास । ८

११.४.१७.१२७३ डल्फिन संरक्षण कार्यक्रम, कैलाली, पहलमानपुर । ८

११.४.१७.१६६० मोहना नदी किनारा उन्नत बाँस रोपण कन्चनपुर । ९

११.४.१७.१२४९ लालिगुराँस अध्ययन केन्द्र, लालिगुराँस गाउँपालिका, तेह्रथुम । १०

११.४.१७.८७७ वन क्षेत्रको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन । १०

११.४.१७.१२५० वन्यजन्तु द्वन्द न्युनिकरणका लागि तारबार । ११

११.४.१७.१२३८ वन्यजन्तुका लागि पानी स्रोत व्यवस्थापन । १२

१४.४.१७.१२३६ झापा जिल्लामा हात्तीको कोरिडोर व्यवस्थापन । १२

११.४.१७.३३० दीपिनी बेतिनी ब्युटिफिकेशन (वातावरण सौन्दर्यीकरण) कार्य, दमक न.पा., झापा । १३

१.३.५.४१ हात्ती गस्ती, झापा । १४

११.४.१७.१२३९ वन्यजन्तु व्यवस्थापन, उद्दार र मानव वन्यजन्तु द्वन्द न्यूनिकरण । १५

११.४.१७.१२५५ वन्यजन्तु उद्धार केन्द्र, काठमाडौं । १५

११.४.१७.१२३९ वन्यजन्तु व्यवस्थापन, उद्धार तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण । १६

२.७.२५.११७२ मानव वन्यजन्तु द्वन्द तथा वन्यजन्तु उद्दार र व्यवस्थापनका लागि भेटेनरी डाक्टर सहितको सावारी को टोली परिचालन तथा व्यवस्थापन कार्यक्रम । १७

११.४.१७.१२३६ पारिजातको जंगल संरक्षण तथा व्यवस्थापन, धादिङ । १९

११.४.१७.१२६५ जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन (पञ्चासे वन संरक्षण क्षेत्र र दुम्कीवास क्षेत्र)। २०

११.४.१७.८७३ वन सम्बर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन । २२

**(ख) जडिबुटी विकास कार्यक्रम** **२३**

११.४.१७.१२७९ कवुलियती वन प्रवर्द्धन तथा सहजीकरण कार्यक्रम । २३

११.४.१७.१२८० कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम । २४

११.४.१७.१२७६ प्राकृतिक जडिबुटी संरक्षण तथा खेती विस्तार (सबै जिल्ला तथा छनौट भएका पालिकाहरु-निजी जग्गामा समेत) । २६

११.४.१७.१३४९ स्थानीय तहको सहकार्यमा जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना र संचालन । २७

११.४.१७.३३४ पाटन खर्क तथा चरन व्यवस्थापन । २७

११.४.१७.१३५३ स्थानीय तहको सहकार्यमा बाँसको प्रवर्द्धन । २८

११.४.१७.१३५६ लौठसल्ला संरक्षण कार्यक्रम । २९

११.४.१७.१३५७ टिमुर संरक्षण तथा खेती विस्तार । २९

११.४.१७.१३५८ जडिबुटी खेती विस्तार तथा सिचाई । ३०

११.४.१७.१३४५ ढाडीपाल्ले ओखर नर्सरी, पर्ताला ४, कालिकोट । ३१

११.४.१७.१२७७ पकेट क्षेत्रमा जडिबुटी संरक्षण । ३३

११.४.१७.१३३१, ११.४.१७.१३३७ केशर जडिबुटि खेति विस्तार ३३

**(ग) वातावरण विभाग** **३५**

११.४.१७.१७८० हरित पार्क निर्माण, नेवान्हु चोक, उर्लावारी न. पा. ५, मोरङ । ३५

११.४.१७.१८३७ वेहुली ढुङ्गा वातावरण संरक्षण तथा पूर्वाधार निर्माण, मिक्लाजुङ्ग- ६, पाँचथर । ३५

११.४.१७.१९३५ मौसमीडाँडा हरियाली पार्क निर्माण (म्याङलुङ नगरपालिका - ७, तेह्रथुम) । ३६

११.४.१७.१८२६ मानव स्मृति पार्क र मुगालि बौद्ध शान्ति पार्क निर्माण, चन्दननाथ नगरपालिका, वडा नं. २ र ३, जुम्ला ३७

## (घ) जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम ३८

११.४.१७.१७६१ हाङमावरक पोखरी निर्माण तथा व्यवस्थापन, कुम्मायक - ४ पाँचथर । ३८

पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण । ३८

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालन हुने सङ्घीय सशर्त अनुदानका कार्यक्रमहरू (सबै प्रदेशको लागि)

आर्थिक वर्ष २०८२/०८३ को बजेट र कार्यक्रम स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ। नेपाल सरकारले संघीयता कार्यान्वयनमा अवलम्बन गरेको नीति अनुरुप नेपाल सरकारको स्रोत तर्फ संघको यस मन्त्रालय तथा मातहतका निकायहरूले विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्दै आएका छन्। यस आर्थिक वर्षमा पनि विभिन्न कार्यक्रमहरू सात वटै प्रदेशमा कार्यान्वयनका लागि संघीय सशर्त अनुदानका रूपमा हस्तान्तरण भई कार्यान्वयनमा आएका छन्। यी कार्यक्रमहरू राष्ट्रिय नीति तथा कार्यविधिको आधारमा प्रदेशहरूमा कार्यान्वयन गर्ने गरिनछ।

आर्थिक वर्ष २०८२/०८३ को लागि यस वन तथा वातावरण मन्त्रालयबाट तहाँ प्रदेशहरुमा प्रदान गरिएको सशर्त अनुदानको कार्यक्रमहरु कार्यान्वयन सम्बन्धमा, गत आर्थिक वर्षमा कार्यान्वयन भएका प्रकृतिका कार्यक्रमहरु यस अघिको स्वीकृत कार्यविधि "प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यविधि, २०८१" अनुसार कार्यान्वयन गर्न पत्राचार भएकै छ। आर्थिक वर्ष २०८२/०८३ स्वीकृत नयाँ कार्यक्रमहरुको (संघीय सशर्त अनुदानका कार्यक्रमहरूको) हकमा कार्यक्रमहरूको कार्यान्वयनमा स्पष्टता, एकरुपता, सरलता र सामान्जस्यता ल्याउनका लागि, आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं. २४ को आधारमा "अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत प्रदेश र स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि प्रदेश र स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने" व्यवस्था गरिएको छ। तसर्थ, यस मन्त्रालयबाट प्रदेशहरूमा हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यान्वयनमा सहजता ल्याउनका लागि यस कार्यविधि तयार गरिएको छ।

सङ्घीय सरकारको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकारवाट सशर्त अनुदानमार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालनको लागि सरलता, सहजता र एकरुपता प्रदान गर्न तपसिलका बुँदाहरू अवलम्बन गर्ने गरी विनियोजन ऐन, २०८२ र अर्थ मन्त्रालयबाट आर्थिक वर्ष २०८२/८३ को वजेट कार्यान्वयन सम्बन्धमा मिति २०८२/०४/१२ मा जारी गरिएको मार्गदर्शनको बुँदा नं २४ को प्रावधान वमोजिम यो कार्यविधि लागु गरिएको छ ।

### तपशिल

क) प्रदेश सरकारवाट संचालन हुने सङ्घीय सरकारको सशर्त अनुदानका कार्यक्रमहरू प्रदेश सरकारको वन तथा वातावरणको क्षेत्र हेर्ने मन्त्रालय तथा मातहतका निकायहरूमार्फत कार्यान्वयन गरिनेछ ।

ख) प्रदेश मन्त्रालय अन्तरगतका विभिन्न कार्यालयवाट सञ्चालन हुने कार्यक्रमको बजेट प्रदेश मन्त्रालयले विनियोजन (बाँडफाँट) गरे बमोजिम हुनेछ ।

ग) यस कार्यविधि अनुसार सञ्चालन हुने सशर्त अनुदानका कार्यकम विनियोजित बजेटको सीमा वा परिधि भित्र रही सङ्घीय सरकारलाई थप आर्थिक दायित्व सिर्जना नहुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

घ) कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन र आवश्यक पृष्ठपोषणको व्यवस्था सङ्घीय वन तवा वातावरण मन्त्रालय र प्रदेश सरकारको वन तथा वातावरणको क्षेत्र हेर्ने मन्त्रालयले मिलाउन सक्नेछ ।

ङ) विनियोजित बजेट कार्यक्रमको उद्देश्य बमोजिमनै क्षेत्रगत परिधिभित्र रही कार्यान्वयन गर्नु पर्नेछ र विनियोजन ऐन,२०८२ को व्यवस्था विपरीत विनियोजित बजेटलाई स-साना टुक्रे कार्यक्रम तथा आयोजनामा कार्यान्वयन नगर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

च) सशर्त अनुदान वित्तीय हस्तान्तरणको माध्यम मात्र नभई सरकारको नीति कार्यान्वयनको सशक्त उपकरण भएको सन्दर्भलाई समेत दृष्टिगत गरी तीनै तहका सरकारहरू को समन्वय तथा सहकार्य र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

छ) कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मसको हकमा सोही बमोजिम र नर्मस स्वीकृत नभएको हकमा जिल्ला दररेट र सो नभएमा आकस्मिक कार्यक्रम बाहेकको हकमा लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्नु पर्नेछ ।

ज) कामको प्रकृति र स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन लगायत अन्य प्रचलित कानुन बमोजिम कार्य गर्नु गराउनु पर्नेछ।

झ) प्रदेश वन निर्देशनालयले नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयहरूबाट भौतिक र वित्तीय प्रगति सहितको विवरण माग गरी प्रदेशको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयमार्फत मासिक तथा त्रैमासिक रूपमा सङ्घीय वन तथा वातावरण मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

॥

## (क) राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

### ११.४.३.३३ सामुदायिक वनको कार्ययोजना नविकरण ।

**पृष्ठभूमिः**

नेपालमा सामुदायिक वन व्यवस्थापन वन संरक्षण र स्थानीय समुदायको जीविकोपार्जनसँग प्रत्यक्ष रूपमा जोडिएको सफल मोडेलका रूपमा स्थापित भएको छ। तर समयक्रमसँगै वनको अवस्था, वनउपजको माग, जनसंख्या संरचना, नीतिगत व्यवस्था र जलवायु परिवर्तनका असरहरूमा परिवर्तन आएको छ। प्रारम्भिक कार्ययोजनामा उल्लेख गरिएका उद्देश्य, गतिविधि र व्यवस्थापन उपायहरू वर्तमान अवस्थासँग पूर्ण रूपमा मेल नखान सक्ने अवस्था सिर्जना भएको छ। यस पृष्ठभूमिमा सामुदायिक वनको दिगो, वैज्ञानिक र समावेशी व्यवस्थापन सुनिश्चित गर्न वनको हालको अवस्था, उपभोक्ताको आवश्यकता र नीति-कानुनी प्रावधानअनुसार सामुदायिक वन कार्ययोजना नवीकरण गर्नु आवश्यक भएको छ तर कतिपय सामुदायिक वनहरु बजेट अभावले आफ्ना कार्ययोजना नवीकरण गर्न नसक्दा निक्रिय अवस्थामा रहेका छन्। त्यस्ता सामुदायिक वनहरुलाई सक्रिय बनाउन आवश्यक आर्थिक तथा प्रावधिक सहयोग यो कार्यक्रमले गर्नेछ। यस कार्यक्रम अन्तर्गत म्याद सकिएका सामुदायिक वनको कार्ययोजनाहरु नवीकरण गरिनेछ । यसरी सामुदायिक वनको कार्ययोजना नविकरण गर्दा न्यून आय भएका समूहहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

**उद्देश्यः**

- आर्थिक रुपले कमजोर सामुदायिक वनहरुलाई सक्रिय बनाई कार्ययोजना नविकरण र कार्यान्वयनमा सहयोग गर्ने ।

**कार्यान्वयन विधिः**

- कार्ययोजना नविकरणका लागि कार्यालयबाट नै प्राविधिक जनशक्तिको व्यवस्था गर्ने,
- कार्ययोजना प्रिन्टिङ, बाईन्डिङ खर्च र अनुमोदन गर्दा गरिने साधारण भेलामा खाजा खर्चमा आवश्यक खर्च गर्ने,
- कार्ययोजना स्वीकृति पश्चात क्लष्टरमा कार्ययोजना हस्तान्तरण तथा कार्ययोजना कार्यान्वयन र त्यसमा रहेका व्यवस्था सम्बन्धि अभिमुखिकरण कार्यक्रममा व्यानर, खाजा र इन्धनमा खर्च गर्ने।

**अपेक्षित उपलब्धिः**

- कार्ययोजना नविकरण भई सामुदायिक वनको सक्रियता बढ्ने र कार्ययोजना कार्यान्वयन सम्बन्धी उपभोक्ता मा ज्ञानको बृद्धि हुने।

**जनशक्ति व्यवस्थापनः**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी, स्थानीय स्रोत व्यक्ति, सामुदायिक वन उपभोक्ता महासंघका पदाधिकारी, वन समूहका पदाधिकारी तथा उपभोक्ताहरु।

**जिम्मेवार निकायः:**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरु

## ११.४.३.३४ सामुदायिक वन अध्ययन केन्द्रको MIS प्रणालीमा तथ्याङ्क विवरण प्रविष्ट गर्ने ।

**पृष्ठभूमिः**

धेरैजसो सामुदायिक वनका सामान्य तथ्याङ्कहरु पनि प्रविष्ट नभएको अवस्थामा रहेका छन्। जसका कारण सामुदायिक वनको वन व्यवस्थापन, आर्थिक व्यवस्थापन र आयआर्जन, कार्यसमितिमा समावेशीकरण र विधान तथा कार्ययोजना कार्यान्वयन जस्ता महत्त्वपूर्ण कार्यहरु सञ्चालन गर्न र गरिरहेका सामुदायिक वनको अवस्था सम्बन्धि आधिकारिक निकायहरु अन्यौलमा रहेका छन्। यस कार्यले सामुदायिक वनसम्बन्धी सूचना व्यवस्थित रूपमा सङ्कलन, भण्डारण र विश्लेषण गर्न सहयोग पुऱ्याउँछ। यस प्रक्रिया अन्तर्गत सामुदायिक वन उपभोक्ता समूहको परिचय, वन क्षेत्रफल, वन व्यवस्थापन योजना, वनउपज उत्पादन तथा बिक्री, आम्दानी-खर्च, तालिम र क्षमता विकास गतिविधि, लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी तथ्याङ्कहरू समयमानै र सही रूपमा MIS प्रणालीमा प्रविष्ट गरिन्छ, जसबाट नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा निर्णय प्रक्रियालाई प्रभावकारी बनाउन सकिन्छ।

सामुदायिक वन अध्ययन केन्द्रले MIS प्रणाली सम्बन्धी कर्मचारीहरुलाई अभिमुखीकरण गरी तथ्याङ्क विवरण प्रविष्ट गर्ने तरिका सिकाई वा MIS प्रणालीमा तथ्याङ्क विवरण प्रविष्ट गर्न प्रचलित नियमानुसार परामर्श सेवा दाता वा अमानतबाट सामुदायिक वनहरुको तथ्याङ्क प्रविष्ट गरी अध्यावधिक गर्नुपर्छ । यस शीर्षकको बजेट सामुदायिक वन अध्ययन केन्द्रको MIS प्रणालीमा तथ्याङ्क विवरण प्रविष्ट गर्नका लागि आवश्यक पर्ने Laptop, computer आदि खरीद गर्नका लागि समेत खर्च गर्न सकिनेछ।

**उद्देश्यः**

- सामुदायिक वनसम्बन्धी तथ्याङ्कलाई MIS प्रणालीमा व्यवस्थित र सुरक्षित रूपमा प्रविष्ट गर्ने,
- तथ्याङ्कको शुद्धता, पूर्णता र समयमै अद्यावधिक सुनिश्चित गर्ने,
- वन व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयनलाई तथ्याङ्कमा आधारित बनाउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउने,
- नीति निर्माण र निर्णय प्रक्रियामा सहयोग पुऱ्याउने,
- पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्ने,
- सामुदायिक वन व्यवस्थापनलाई दिगो र समावेशी बनाउने,
- सुशासन कायममा सहयोग पुऱ्याउने।

**कार्यान्वयन विधिः**

- कार्यक्रम सम्बन्धी स्पष्ट कार्ययोजना तथा कार्यतालिका तयार गर्ने,
- सामुदायिक वन अध्ययन केन्द्र, डिभिजन वन कार्यालय र स्थानीय तहबीच समन्वय गर्न परिचालन हुनुपरेमा खाना, खाजा, इन्धन, यातायात, सञ्चार आदिमा खर्च गर्न सकिनेछ,
- सामुदायिक वन उपभोक्ता समूहबाट आवश्यक तथ्याङ्क सङ्कलन गर्ने कार्यमा खटिएकालाई आवश्यक खाना, खाजा, इन्धन, यातायात, सञ्चार आदिको खर्च व्यवस्था गर्न सकिन,
- सङ्कलित तथ्याङ्कको प्रमाणीकरण तथा गुणस्तर जाँच गर्न डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता महासंघ का प्रतिनिधिहरु सहितको जाँचबुच समिति गठन गर्न सकिने।

- प्रमाणित तथ्याङ्क MIS प्रणालीमा नियमित रूपमा प्रविष्ट गर्न डि.व.का.को अधिकृतस्तरको कर्मचारी लाई जिम्मेवारी तोक्ने।
- तथ्याङ्कको समय-समयमा अद्यावधिक र ब्याकअप गर्ने।
- MIS बाट प्राप्त विवरणका आधारमा अनुगमन, मूल्याङ्कन र प्रतिवेदन तयार गर्ने।

**अपेक्षित उपलब्धिः**

- सामुदायिक वन सम्बन्धी तथ्याङ्कहरू व्यवस्थित, शुद्ध र एकीकृत रूपमा अभिलेख हुने।

**जनशक्ति व्यवस्थापनः**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी, सामुदायिक वन उपभोक्ता महासंघका पदाधिकारी, वन उपभोक्ता समूहका पदाधिकारी तथा उपभोक्ताहरु र स्थानीय तहका पदाधिकारी तथा कर्मचारी ।

**जिम्मेवार निकायः:**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयहरु

## ११.४.१७.१२४२ विरुवा उत्पादन तथा वृक्षारोपण (रैथाने प्रजाति)

**पृष्ठभूमिः**

नेपाल भौगोलिक तथा जैविक विविधताले सम्पन्न देश भएतापनि वन विनाश, अवैध कटानी, पूर्वाधार विस्तार र जलवायु परिवर्तनका कारण धेरै रैथाने वनस्पति प्रजातिहरू संकटमा परिरहेका छन्। बाह्य प्रजातिको अत्यधिक प्रयोगले स्थानीय पारिस्थितिक सन्तुलनमा नकारात्मक असर पर्न थालेको सन्दर्भमा स्थानीय वातावरणसँग अनुकूल, कम हेरचाहमै राम्रो वृद्धि हुने रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन अत्यावश्यक भएको छ। यस पृष्ठभूमिमा रैथाने प्रजातिका विरुवा उत्पादन तथा वृक्षारोपण कार्यक्रमले वन क्षेत्रको पुनःस्थापना, जैविक विविधता संरक्षण, माटो-पानी संरक्षण र जलवायु परिवर्तन अनुकूलनमा योगदान पुऱ्याउँदै स्थानीय समुदायको सहभागितामार्फत दिगो वन व्यवस्थापनलाई प्रवर्द्धन गर्नेछ।

डिभिजन वन कार्यालयले रैथाने प्रजाति (Indigenous species)का रुख तथा वनजन्य फलफुलको विरुवा उत्पादन गरी प्रभावकारी रुपमा रोपण कार्य गर्ने, गराईने छ । उत्पादित विरुवाहरु वनको खाली तथा झाडिदार क्षेत्र, सार्वजनिक जग्गा तथा सडक किनारामा तथा युवा लक्षित उद्देश्यले निजी/फर्मको दर्ता जग्गामा समेत रोपण गर्न गराउन सकिने छ । स्थानीय रुपमै विरुवा संकलन तथा सही समय, दूरी र प्रविधि अनुसार वृक्षारोपणका लागि स्वीकृत नर्मस् मा आधारित स्वीकृत लगत इस्टिमेट बमोजिम खर्च गरी वनक्षेत्रमा रैथाने विरुवा वृक्षारोपण प्लट स्थापना गर्न सकिने।

**उद्देश्यः**

- रैथाने वनस्पति प्रजातिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने,
- स्थानीय वातावरणसँग अनुकूल गुणस्तरीय रैथाने विरुवा उत्पादन गर्ने,
- क्षतिग्रस्त, बंजार तथा वन क्षेत्रमा रैथाने प्रजातिको वृक्षारोपण गरी वन पुनःस्थापना गर्ने,
- जैविक विविधता, माटो-पानी संरक्षण र पारिस्थितिक सन्तुलन कायम राख्ने,

- जलवायु परिवर्तन अनुकूलन र कार्बन सञ्चयमा योगदान पुऱ्याउने,
- वृक्षारोपणमा स्थानीय समुदायको सहभागिता र सचेतना अभिवृद्धि गर्ने ।

**कार्यान्वयन विधिः**

यस शिर्षकमा बिनियोजित रकम स्थानीय रूपमा पाइने उपयुक्त रैथाने प्रजातिका रुख जस्तैः उत्तिस, मलाटो , लामपाते, चाँप, खयर र यस्तै नेपालमा पाइने (indigenous species) तथा वनजन्य फलफूलका प्रजाति जस्तैः लप्सी, जामुन/बडाजामुन, अम्बा, रुखकटहर, नास्पाति/स्याउपाति, अमला, हलुवावेद आदिका विरुवा उत्पादन गरीने छ । साथै गुणस्तरीय विरुवा उत्पादन गर्न वनको मलिलो माटो लगायत उपयुक्त प्रविधि प्रयोग गर्नुपर्दछ । यस कार्यक्रम अन्तर्गत विरुवा उत्पादनको लागि न्युनतम ७"x३" को पोलिब्याग प्रयोग गर्नु पर्दछ । यस शिर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही विरुवा उत्पादन, वृक्षारोपण तथा विरुवा ढुवानी कार्य तथा स्थानीय रूपमा पाइने उपयुक्त रैथाने वनस्पति प्रजातिको पहिचान र छनौट का लागि सरोकारवालासँग समन्वय बैठक आयोजना र बैठकमा खाजा खर्चको लागत अनुमान स्वीकृत गराई वन प्राविधिकबाट अमानतमा गर्न गराउन सकिने छ । साथै स्थानीय तह/वन उपभोक्ता समूहसँगको स्रोत साझेदारीमा समेत यो कार्यक्रम संचालन गर्न सकिने छ ।

कार्यक्रम सम्पन्न भएपछाडि प्रगतिमा उत्पादित विरुवाहरुको जात, संख्या, रोपण गरिने ठाँउको विवरण र तस्बिर, तथा वृक्षारोपणको फोटो सहितको कार्यसम्पन्न प्रतिवेदन र बिल भरपाई पेश गर्नु पर्नेछ । विरुवाको वृद्धि, जीवितदर र प्रभावको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ।

**अपेक्षित उपलब्धिः**

यस कार्यक्रमको कार्यान्वयनबाट स्थानीय वातावरणसँग अनुकूल रैथाने वनस्पति प्रजातिहरूको गुणस्तरीय विरुवा उत्पादन र व्यापक वृक्षारोपण हुने अपेक्षा गरिएको छ।

**जनशक्ति व्यवस्थापन**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी तथा उपभोक्ता आदि।

**जिम्मेवार निकायः**

- सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालयहरु

## ११.४.१७.१२४६ सामुदायिक वन व्यवस्थापन, सहजिकरण र समूह सशक्तिकरण

**पृष्ठभूमिः**

नेपालमा वन क्षेत्रको ठूलो हिस्सा ग्रामीण समुदायको सरोकारमा रहेको छ। तर, विगतमा वनको दिगो संरक्षण र उपयोग पर्याप्त नभएको, अवैध कटानी र अनियन्त्रित चरनले वन स्रोतको क्षति पुऱ्याएको अनुभव छ। यस परिस्थितिमा स्थानीय समुदायको सक्रिय सहभागिता, समूह सशक्तिकरण र सहजीकरणको आवश्यकता महसुस भएको हो। सामुदायिक वन व्यवस्थापन कार्यक्रमले वन स्रोतको दिगो उपयोग र संरक्षणलाई प्राथमिकता दिएको छ। यसअन्तर्गत सामुदायिक वन उपभोक्ता समूहमार्फत वनको संरक्षण, वृक्षारोपण, वनजन्य उत्पादनको व्यवस्थापन र

आम्दानी सिर्जना गर्ने प्रयास गरिएको छ। यस कार्यक्रमले समुदायको क्षमता अभिवृद्धि, निर्णय प्रक्रियामा सहभागिता र सामाजिक-आर्थिक विकासलाई पनि प्रोत्साहित गर्दै दिगो वन व्यवस्थापन र स्थानीय विकासलाई जोड दिनेछ।

सामुदायिक वनको अवस्थाको आधारमा स्वीकृत वन कार्ययोजनामा सिफारिस गरिएको वन सम्वर्द्धन, व्यवस्थापन र संरक्षणको क्रियाकलापहरु (पत्याउने/छटनी, प्रुनिङ्ग, झाडि सफाई, लहरा काट्ने, अग्नीरेखा/वनपथ सरसफाई कार्य आदि) गर्नको लागि स्थानीय उपभोक्ता समूहहरुलाई अभिप्रेरित गर्ने उद्देश्यले वन व्यवस्थापन स्थलगत अभ्यास सामुदायिक वन क्षेत्रमा संचालन गरिने छ । यसमा समूहको लागत साझेदारीमा समेत कार्यक्रम संचालन गर्न सकिने छ ।

**उद्देश्यः**

- सामुदायिक वन उपभोक्ता समूहको सशक्तिकरण र संस्थागत क्षमता विकास गर्ने,
- स्थानीय समुदायको सक्रिय सहभागिता र नेतृत्व क्षमता अभिवृद्धि गर्ने,
- सामाजिक-आर्थिक विकास र वातावरणीय सन्तुलनमा योगदान पुऱ्याउने,
- सामुदायिक वनको दिगो संरक्षण र उत्पादकत्व वृद्धि सुनिश्चित गर्ने,
- वनजन्य उत्पादनको दिगो व्यवस्थापन र आर्थिक लाभ सुनिश्चित गर्ने।

**कार्यान्वयन विधिः**

यस कार्यक्रम अन्तर्गत सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुलाई वन विकास, रेकर्ड किपिङ्ग, फाईलिङ्ग तथा लेखा व्यवस्थापन, उपभोक्ताहरुको क्षमता अभिवृद्धि गर्न कार्यालय संचालन, विभिन्न तथ्याङ्क तथा फारमहरु भर्ने तरिका, समूहले पालन गर्नु पर्ने नीतिगत र कानूनी प्रावधानहरुको बिषयमा तालिम, वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धि तालिम, सामुदायिक वनको विधान तथा कार्ययोजना अभिमुखिकरण तालिम, सामुदायिक वन समूहका पदाधिकारीहरुलाई कार्यालय व्यवस्थापन र लेखा सम्बन्धी तालिम, सामुदायिक वनमा वन पैदावारमा आधारीत उद्यम विकास र क्षमता अभिबृद्धि सम्बन्धि अभिमुखिकरण तालिम, गोष्ठी, सिप विकास तालिम आदि सञ्चालन गर्न सकिनेछ ।

स-साना सामुदायिक वनहरु समूहले चाहेमा एकिकृत (Merging), सामुदायिक वन समूह गठन, कार्ययोजना तयारी तथा हस्तान्तरण, सामुदायिक वनको अनुगमन, तथ्याङ्क संकलन तथा अद्यावधिक जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछ । यस शिर्षकको रकम स्थलगत अभ्यास तथा तालिममा संयोजक/सहयोगी भत्ता, सहभागीको भत्ता, खाजा, सेशन फि, यातायात खर्च, संचार, स्टेशनरी, पानी तथा प्रतिवेदन लेखन, कार्यालय व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्रीहरु समेत खरिद गरी वितरण लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रहि स्वीकृत नर्मस अनुसार लागत अनुमान तयार तथा स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

कार्यक्रम सम्पन्न भएपश्चात प्रगति पेश गर्दा देहायका बुँदाका विषयहरु समावेश गर्नु पर्नेछ ।

- अभ्यास/तालिम संचालन गरिएको समूहको नाम, ठेगाना,
- अभ्यासका गतिविधि देखिने फोटो,
- सेशन/प्रस्तुतीकरणको विवरण, खर्च बिल भर्पाई,
- अभ्यास संचालन भएको स्थान र मिति देखिने कार्यक्रमको ब्यानर, सहभागीहरुको उपस्थिति, फोटो दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धी सहितको प्रतिवेदन ।

**अपेक्षित उपलब्धिः**

यस कार्यक्रमको कार्यान्वयनबाट सामुदायिक वनको दिगो संरक्षण र प्रभावकारी व्यवस्थापन सुनिश्चित हुने अपेक्षा गरिएको छ।

**जनशक्ति व्यवस्थापनः**

डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी, सामुदायिक वन उपभोक्ता महासंघका पदाधिकारी, सम्बन्धित विषय विज्ञ।

**जिम्मेवार निकायः**

- सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालयहरु

## ११.४.१७.१२५६ चाल्नाखेलको नर्सरी मर्मत र स्तरोन्नती, काठमाडौ ।

**पृष्ठभूमिः**

डिभिजन वन कार्यालय, काठमाडौं अन्तर्गत चान्लाखेलमा अवस्थित हाइटेक नर्सरी वन क्षेत्र पुनःस्थापना, रैथाने तथा वहुवर्षीय विरुवा उत्पादन र आधुनिक नर्सरी प्रविधिको प्रवर्द्धनका लागि महत्वपूर्ण पूर्वाधार हो। नर्सरीको प्रभावकारी सञ्चालनका लागि स्वीकृत DPR बमोजिम निर्माण हुन बाँकी रहेका संरचनाहरूको निर्माण, निर्माण सम्पन्न संरचनाको सुरक्षा, नर्सरीको भौतिक तथा प्राविधिक क्षमता अभिवृद्धि, नियमित मर्मत–सम्भार र आवश्यक जनशक्ति व्यवस्थापन अपरिहार्य रहेको छ। यस सन्दर्भमा हाइटेक नर्सरीको दिगो र व्यवस्थित सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा सञ्चालन खर्चमा बजेट विनियोजन गरी नर्सरीको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिएको छ।

**कार्यान्वयन विधिः**

यस शीर्षकमा विनियोजित रकम चान्लाखेलमा अवस्थित डिभिजन वन कार्यालय, काठमाडौंको हाइटेक नर्सरीका लागि स्वीकृत DPR बमोजिम निर्माण हुन बाँकी रहेका संरचनाहरू निर्माण गर्न खर्च गरिनेछ। साथै निर्माण सम्पन्न भएको ग्रीनहाउसको सुरक्षाका लागि वरीपरी पहुँच बाटो निर्माण, तारवार जडान तथा नर्सरी कार्यालयको मर्मत–सम्भार कार्य गरिनेछ।

नर्सरी सञ्चालनमा प्रयोग हुने मेसिनरी तथा उपकरणको मर्मत तथा आवश्यक स्तरोन्नति, सिंचाइ प्रयोजनका लागि पानी ट्याङ्की निर्माण तथा मर्मत कार्य, बहुवर्षीय विरुवा उत्पादन खर्च र नर्सरी सञ्चालनसम्बन्धी विविध संचालन खर्च यसै शीर्षकअन्तर्गत व्यहोर्न सकिनेछ।

हाइटेक नर्सरी सञ्चालनका लागि नर्सरी अधिकृत तथा थप प्राविधिक जनशक्ति परिचालन गरी प्रचलित नर्म्स तथा दररेट अनुसार पारिश्रमिक भुक्तानी गर्न सकिनेछ। सम्पूर्ण कार्य प्रचलित कानुन, नर्म्स तथा स्वीकृत लागत अनुमान

बमोजिम कार्यान्वयन गरिनेछ। यसो कार्यगर्दा सकेसम्म प्राकृतिक स्रोत साधन र Nature-based solutions का प्रावधानहरु अवलम्वन गर्न पर्नेछ ।

**अपेक्षित उपलब्धिः**

यस कार्यक्रमको कार्यान्वयनबाट हाइटेक नर्सरीको भौतिक तथा प्राविधिक पूर्वाधार सुदृढ भई गुणस्तरीय तथा वहुवर्षीय विरुवा उत्पादन क्षमता वृद्धि हुने अपेक्षा गरिएको छ। नर्सरीको सुरक्षा, व्यवस्थापन र सञ्चालन प्रभावकारी भई वन पुनःस्थापना तथा वृक्षारोपण कार्यक्रमहरूमा आवश्यक विरुवाको आपूर्ति सहज हुनेछ।

**जनशक्ति व्यवस्थापनः**

- डिभिजन वन कार्यालय, काठमाडौंका कर्मचारी
- नर्सरी सम्बन्धि प्राविधिक जनशक्ति

**जिम्मेवार निकायः:**

- डिभिजन वन कार्यालय, काठमाडौं

**११.४.१७.१२७० प्रभास ताल संरक्षणऽ पाल्पा ।**

**पृष्ठभूमिः**

ताल तथा सिमसार क्षेत्र स्थानीय जैविक विविधता संरक्षण, पानी स्रोत व्यवस्थापन र पर्यटन प्रवर्द्धनका दृष्टिले महत्वपूर्ण प्राकृतिक सम्पदा हुन्। यस्ता क्षेत्रको संरक्षण, सरसफाई र दिगो उपयोगमार्फत पारिस्थितिक सन्तुलन कायम गर्नुका साथै पर्यावरणमैत्री पर्यटन प्रवर्द्धन गर्न पूर्वाधार विकास आवश्यक देखिएको छ। यस सन्दर्भमा स्वीकृत DPR अनुसार ताल तथा सिमसार क्षेत्रको संरक्षण र पर्यटनमैत्री संरचना विकास गर्न बजेट विनियोजन गरिएको छ।

**कार्यान्वयन विधिः**

यस शीर्षकमा विनियोजित बजेट तालको सरसफाई, सिमसार क्षेत्र संरक्षणसम्बन्धी सूचना, शिक्षा तथा प्रचार–प्रसार कार्यमा खर्च गरिनेछ। साथै स्वीकृत DPR बमोजिम पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने गरी पर्यावरणमैत्री पर्यटकीय पार्क निर्माण कार्य समेत गरिनेछ। सम्पूर्ण कार्य प्रचलित नर्म्स, मापदण्ड तथा स्वीकृत लागत अनुमान अनुसार कार्यान्वयन गरिनेछ। यसो कार्यगर्दा सकेसम्म प्राकृतिक स्रोत साधन र Nature-based solutions का प्रावधानहरु अवलम्वन गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रमको कार्यान्वयनबाट ताल तथा सिमसार क्षेत्रको संरक्षण र सौन्दर्य अभिवृद्धि भई स्थानीय जैविक विविधता संरक्षणमा योगदान पुग्नेछ। साथै पर्यावरणमैत्री पर्यटन पूर्वाधार विकास भई स्थानीय पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

## ११.४.१७.१२४७ स्थानीयतहको सहकार्यमा सार्वजनिक तथा नदी उकास जग्गामा वृक्षारोपण गरी वन विकास ।

**पृष्ठभूमिः**

वातावरण संरक्षण, माटो कटान नियन्त्रण, जलवायु परिवर्तनका असर न्यूनीकरण तथा हरित क्षेत्र विस्तारका लागि स्थानीय तहसँगको समन्वयमा नदि उकास जग्गामा वृक्षारोपण कार्यक्रम संचालन गर्नु आवश्यक रहेको छ। नदी उकासका क्षेत्रहरु पहिचान, नक्साङ्कन तथा समुदाय परिचालन गरी वृक्षारोपणका कार्य सञ्चालन गर्न सकिनेछ । स्थानीय समुदायको सहभागितामार्फत उपयुक्त क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दा दिगोपना र प्रभावकारिता सुनिश्चित हुने देखिएको छ।

**उद्देश्यः**

नदी उकास जग्गामा वृक्षारोपण मार्फत वातावरण संरक्षण र हरित क्षेत्र विस्तार गर्ने ।

**कार्यान्वयन विधिः**

यस कार्यक्रम डिभिजन वन कार्यालयले सम्बन्धित स्थानीय तहसँग समन्वय एवं सहकार्यमा उपयुक्त नदि उकास क्षेत्र पहिचान र छनौट गरी कार्यान्वयन गरिनेछ। उपलब्ध भएसम्म सम्बन्धित स्थानीय तहको बजेट समेत उपयोग गर्न सकिनेछ छ। छनौट भएको क्षेत्रमा सरोकारवाला वन उपभोक्ता समूह तथा स्थानीय समुदायको सहभागितामा उपयुक्त प्रजातिका बिरुवा रोपण तथा तारबार तथा संरक्षणका उपायहरु अवलम्बन गरिनेछ। कार्यक्रमको दिगोपना सुनिश्चित गर्न नियमित संरक्षण, हेरचाह तथा अनुगमनको जिम्मेवारी सम्बन्धित उपभोक्ता समूहलाई हस्तान्तरण गरी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनबाट वातावरण संरक्षण, माटो कटान नियन्त्रण र हरित क्षेत्र विस्तारमा योगदान पुग्नेछ। साथै स्थानीय समुदायको सहभागिता मार्फत वृक्षारोपण क्षेत्रको दिगो संरक्षण र व्यवस्थापन सुनिश्चित हुने अपेक्षा गरिएको छ।

**जनशक्ति व्यवस्थापनः**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी
- सम्बन्धित वन उपभोक्ता समूह तथा स्थानीय समुदाय

**जिम्मेवार निकायः**:

- सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालयले सम्बन्धित स्थानीय तहसँग समन्वय एवं सहकार्यमा।

## ११.४.१७.१२७३ डल्फिन संरक्षण कार्यक्रम, कैलाली, पहलमानपुर ।

**पृष्ठभूमिः**

डल्फिन पाइने क्षेत्र जैविक विविधताको दृष्टिले महत्वपूर्ण प्राकृतिक आवास हुन्। डल्फिन संरक्षण, यसको महत्वबारे जनचेतना अभिवृद्धि तथा संरक्षणमैत्री पूर्वाधार विकासमार्फत यस प्रजातिको दीगो संरक्षण आवश्यक रहेको छ। यस सन्दर्भमा स्थानीय तह तथा सरोकारवाला संस्थासँग सहकार्य गरी डल्फिन संरक्षण कार्यक्रम कार्यान्वयन गर्न आवश्यक देखिएको छ।

**उद्देश्यः**

डल्फिन संरक्षण, डल्फिनको वासस्थानको संरक्षण र दीगो व्यवस्थापन गर्ने ।

**कार्यान्वयन विधिः**

यस कार्यक्रम डल्फिन पाइने क्षेत्रमा केन्द्रित रही डल्फिन संरक्षण तथा प्रचार–प्रसारसम्बन्धी विविध क्रियाकलाप सञ्चालन गरी कार्यान्वयन गरिनेछ। डल्फिन संरक्षण तथा अवलोकनका लागि आवश्यक पूर्वाधार निर्माण कार्य समेत यसै कार्यक्रम अन्तर्गत गर्न सकिनेछ। कार्यक्रम कार्यान्वयनका लागि डल्फिन संरक्षणसम्बन्धी कार्य गर्दै आएका स्थानीय संस्थासँग सम्झौता गरी लागत साझेदारीका आधारमा प्रचलित नर्म्स तथा मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रमको कार्यान्वयनबाट डल्फिन संरक्षणमा योगदान पुग्नेछ र यस प्रजातिप्रतिको जनचेतना अभिवृद्धि हुनेछ। साथै संरक्षण तथा अवलोकनका लागि आवश्यक पूर्वाधार विकास भई संरक्षण प्रयासहरू प्रभावकारी हुने अपेक्षा गरिएको छ।

## ११.४.१७.१६६० मोहना नदी किनारा उन्नत बाँस रोपण कन्चनपुर ।

**पृष्ठभूमिः**

भू–क्षय, पहिरो, बाढी तथा अन्य प्राकृतिक जोखिमका कारण भू तथा जलाधार क्षेत्रमा क्षति हुने सम्भावना उच्च रहेको छ। यस्ता जोखिम न्यूनीकरणका लागि जोखिमयुक्त क्षेत्रको पहिचान, वैज्ञानिक मूल्याङ्कन तथा योजनाबद्ध हस्तक्षेप आवश्यक देखिएको छ। यस सन्दर्भमा भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा डिभिजन वन कार्यालय मार्फत जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**उद्देश्यः**

- जोखिमयुक्त भू तथा जलाधार क्षेत्र पहिचान गरी उन्नत जातका बाँस रोपण गर्ने

**कार्यान्वयन विधिः**

यस कार्यक्रम भू तथा जलाधार व्यवस्थापन कार्यालय वा डिभिजन वन कार्यालयले तोकिएको वा जोखिमयुक्त क्षेत्र पहिचान गरी कार्यान्वयन गरिनेछ। कार्यक्रम सञ्चालनका क्रममा जोखिम आंकलन, नक्सा तयारी, लागत अनुमान (ल.ई.) तयार, तथा स्वीकृत योजना बमोजिम कार्यान्वयन कार्य गरिनेछ। सम्पूर्ण प्रक्रिया प्रचलित नर्म्स, मापदण्ड तथा कानुनी प्रावधानअनुसार सञ्चालन गरिनेछ।

यसमा स्थानीय रुपमा हुर्कन सक्ने बाँसको प्रजाति पहिचान गरी यसलाई नदी किनारामा रोपण तथा यसका संरक्षणका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ । प्राथमिकताका साथ यसमा वानस्पतिक विधिबाट गुणस्तरीय बाँसको विरुवा उत्पादन तथा खरिद गरी विरुवा रोपण गर्न सकिनेछ । यसका लागि स्थानीय वन उपभोक्ता समूहहरु तथा स्थानीय समूह एवं संघसंस्थाहरुलाई परिचालन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनबाट जोखिमयुक्त क्षेत्रमा क्षति न्यूनीकरण हुने, भू तथा जलाधार क्षेत्रको संरक्षण सुदृढ हुने र दीगो व्यवस्थापनमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

**जिम्मेवार निकायः**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय वा सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालय

## ११.४.१७.१२४९ लालिगुराँस अध्ययन केन्द्र, लालिगुराँस गाउँपालिका, तेह्रथुम ।

तिनजुरे-मिल्के-जलजले क्षेत्र गुराँसको राजधानीको रुपमा परिचित रहेको छ । तेह्रथुमको लालिगुराँस नगरपालिका क्षेत्रमा आन्तरिक तथा वह्यपर्यटकहरु लालिगुराँसको दृष्यावलोकनका लागि भ्रमण गर्ने क्रम बढ्दो रहेको छ । लालिगुराँसको अवलोकन गर्ने पर्यटन प्रवर्द्धनका साथै सोको अध्ययन, सम्बर्द्धन तथा व्यवस्थापन गर्न अध्ययन केन्द्र स्थापना गर्नुपर्ने देखिन्छ । यस शिर्षकमा विनियोजित रकम लालिगुराँस अध्ययन केन्द्र निर्माणका लागि आवश्यकता अनुसार सम्बन्धित विज्ञको सहयोगमा निर्माण योजना तयारी (सम्भाव्यता अध्ययन तथा डि.पि.आर) अथवा भौतिक पूर्वाधार निर्माण कार्य, फर्निचर तथा आवश्यक मसलन्दका खरिद, गुराँस पार्क निर्माण, गुराँसका विरुवा रोपण गरी सोको संरक्षण तथा व्यवस्थापन जस्ता विभिन्न क्रियाकलापमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापनः**

डिभिजन वन कार्यालयले, यस कार्यका लागि **जनशक्ति व्यवस्थापन** गर्नेछ ।

**अपेक्षित उपलब्धिः**

- तेह्रथुम स्थित लालिगुराँस नगरपालिकामा लालिगुराँस अध्ययन केन्द्र स्थापना भएको हुनेछ ।
- लालिगुराँस सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने विद्यार्थी तथा सोधकर्ता, व्यक्ति तथा संस्थाहरु लाभान्वित हुनेछ ।

## ११.४.१७.८७७ वन क्षेत्रको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन ।

**पृष्ठभूमिः**

वन कार्यालयको कार्यक्षेत्र भित्र स्पष्ट सिमाङ्कन र घेराबेरा/सुरक्षा संरचनाको अभावका कारण अतिक्रमण भई वन संरचना र कार्यालय सुरक्षा प्रभावित भएको देखिएको छ। अतिक्रमण प्रायः छिमेकका घरधनी वा स्थानीय व्यक्तिहरूले वन जग्गामा घर, टहरा वा अन्य संरचना निर्माण गर्नुबाट उत्पन्न हुन्छ। यसका कारण वन कार्यालयको

भौतिक सुरक्षा र कार्य सञ्चालनमा असर पर्ने तथा वन व्यवस्थापन र संरक्षण कार्यक्रमको दिगोपना समेत असर पर्न सक्दछ।

**उद्देश्यः**

• वनक्षेत्रमा अतिक्रमण नियन्त्रण गर्ने ।

**कार्यान्वयन विधिः**

यस कार्यक्रम अन्तर्गत वन कार्यालयले आफ्नो कार्यक्षेत्रमा अतिक्रमण गरेको अवैध घर–टहरा हटाउने कार्य गर्नेछ। आवश्यक परेमा कार्यालयको सुरक्षा सुनिश्चित गर्न घेराबेरा/तारबार जस्ता संरचना निर्माण गरिनेछ। सम्पूर्ण कार्य प्रचलित कानुन र मापदण्ड अनुसार सञ्चालन गरिनेछ। स्थानीय समुदायलाई वन संरक्षण र अतिक्रमणका नतिजाबारे सचेत बनाउने।

वन अतिक्रमण भएका र वन अतिक्रमणको जोखिममा रहेका वन क्षेत्रको जग्गा अतिक्रमणको जोखिम कम गर्न विभिन्न प्रचारात्मक र निरोधात्मक कार्यक्रम सञ्चालन गर्न सकिनेछ । अवैध घर टहरा हटाउने, वन अतिक्रमणमा संलग्न निकाय वा व्यक्तिहरुलाई कानूनी उपचार गर्न र अतिक्रमण हटाएको स्थानमा वृक्षारोपण तथा तारवार समेत गर्न सकिनेछ

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनपछि वनक्षेत्रको अतिक्रमण न्यून हुने, वन कार्यालयको सुरक्षा सुनिश्चित हुने र वन क्षेत्रको दिगो व्यवस्थापनमा योगदान पुग्ने अपेक्षा गरिएको छ। स्थानीय समुदाय र वन कार्यालयबीच सहकार्य वृद्धि हुनेछ।

**जिम्मेवार निकायः:**

• सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालय

### ११.४.१७.१२५० वन्यजन्तु द्वन्द न्युनिकरणका लागि तारबार ।

**पृष्ठभूमिः**

वनक्षेत्रको सिमानासँग जोडिएका गाउँवस्तीमा वन्यजन्तुको आवतजावतले स्थानीय जनजीवन र जीउधनमा नोक्सानी पुऱ्याउने समस्या देखा परेको छ। यसलाई न्यूनिकरण गर्न तारबार, घेरेबेरा र आधुनिक प्रविधि जस्तै सोलार फेन्सिङ वा मेस वायरको प्रयोग आवश्यक देखिएको छ। झापा जिल्लाको मेची नदी किनार र सामुदायिक वनमा निर्माण गरिएका सोलार फेन्सिङहरूको मर्मत–सम्भार, प्राविधिक सहयोग र आवश्यक सामग्री खरिद कार्य कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिन्छ।

**उद्देश्यः**

• मानव–वन्यजन्तु द्वन्द न्यूनिकरणमा सहयोग पुऱ्याउने ।

**कार्यान्वयन विधिः**

कार्यक्रम डिभिजन वन कार्यालयले राष्ट्रिय प्रकृति संरक्षण कोष, सम्बन्धित स्थानीय तह, जिल्ला स्तरिय कार्यालय वा डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारीको सहयोगमा सञ्चालन गर्नेछ। झापा जिल्लाको मेची नदी किनार र अन्य सामुदायिक वन क्षेत्रमा निर्माण भएका सोलार फेन्सिङहरूको मर्मत–सम्भार, ज्याला भुक्तानी, प्राविधिक सहयोग र आवश्यक सामग्री खरिद समावेश हुनेछ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनपछि गाउँवस्तीमा वन्यजन्तुको आवतजावत नियन्त्रण हुने, जीउधनको क्षति न्यूनिकरण हुने र मानव–हात्ती द्वन्द कम हुने अपेक्षा गरिएको छ।

**११.४.१७.१२३८ वन्यजन्तुका लागि पानी स्रोत व्यवस्थापन ।**

**पृष्ठभूमिः**

वन्यजन्तुको दिगो संरक्षणका लागि आहार, पानी र ओत (सेल्टर) आवश्यक तत्व हुन्। वन्यजन्तुहरूको वासस्थान र प्राकृतिक गतिविधि सुनिश्चित गर्न आहाल पोखरी खन्ने, क्रिडा स्थल निर्माण, पानी स्रोत संरक्षण र खानेपानी व्यवस्थापन आवश्यक देखिएको छ। साथै पोखरी वरिपरि वा डिलमा बाँस, केरा लगायतका उपयुक्त बोटविरुवा रोपण गरी आहार सुनिश्चित गर्न सकिन्छ।

**उद्देश्यः**

• वन्यजन्तुको आहार, पानी र स्रोत व्यवस्थापन गर्ने ।

**कार्यान्वयन विधिः**

कार्यक्रम अन्तर्गत आहाल पोखरी खन्ने, क्रिडा स्थल निर्माण, पानी स्रोत संरक्षण र खानेपानी व्यवस्थापन कार्य सञ्चालन गरिनेछ। पोखरी वरिपरि/डिलमा बाँस, केरा तथा अन्य उपयुक्त बोटविरुवा रोपण गरिनेछ। सम्पूर्ण कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार उपभोक्ता समिति वा ठेक्का प्रक्रियाबाट कार्यान्वयन गरिनेछ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनपछि वन्यजन्तुको आहार र पानीको सुनिश्चितता हुनेछ, वासस्थानमा सुधार हुनेछ र वन्यजन्तुहरूको प्राकृतिक गतिविधि तथा स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

**१४.४.१७.१२३६ झापा जिल्लामा हात्तीको कोरिडोर व्यवस्थापन ।**

**पृष्ठभूमिः**

झापा जिल्लाको मेचीनगर, अर्जुनधारा, कनकाई, शिवसताक्षी, कमल गा.पा., दमक क्षेत्रहरू तथा रतुवा–माई वृक्षारोपण आयोजनाको वन क्षेत्र, सार्वजनिक, पर्ति, ऐलानी र निजी जग्गा हात्ती आवतजावतको परम्परागत मार्गमा पर्ने भएकाले वन्यजन्तु, विशेष गरी हात्तीको वासस्थान र जैविक मार्गको संरक्षण आवश्यक देखिएको छ। साथै झापाका तीन

ठूला हात्ती बासस्थान–मागुरमाडी, चारआली चन्द्रगढी र जलथल वन खण्ड–जोड्ने देउनिया खोला जैविक मार्गमा संरक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।

उद्देश्यः

- हात्तीको वासस्थान र आवतजावतको जैविक मार्ग संरक्षण गर्ने,
- हात्तीको लागि आवश्यक आहार, आहाल र पानीको व्यवस्था सुनिश्चित गर्ने,
- वनजन्य फलफूल र उपयुक्त विरुवा रोपण मार्फत जैविक विविधता प्रवर्द्धन गर्ने,
- स्थानीय समुदाय र निजी जग्गाधनीसँग सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्ने ।

कार्यान्वयन विधिः

- कोरिडोरमा पर्ने राष्ट्रिय वन क्षेत्रमा  हात्तीको वासस्थान संरक्षण र व्यवस्थापन,
- वन जन्य फलफूलको वृक्षारोपण,
- मिचाहा प्रजाति व्यवस्थापन,
- हात्तीको लागि आहाल र पोखरी निर्माण,
- आहारको लागि Elephant Apple र बाँस रोपण,
- निजी जग्गामा हात्तीले नचाहने वन वाली, जडीबुटी तथा फलफूल (जस्तैः रवर, सिट्रोनेला, श्रीखण्ड, अगरउड) रोपणका लागि विरुवा खरिद र रोपण खर्च आवश्यक लागत साझेदारीको माध्यमबाट अनुदान प्रदान,
- कार्यक्रम उपभोक्ता समिति, निजी जग्गाधनी वा अमानत मार्फत सञ्चालन गर्न सकिनेछ।

अपेक्षित उपलब्धिः

- हात्ती आवतजावतको जैविक मार्ग संरक्षण सुनिश्चित हुने,
- हात्तीको वासस्थान, आहार र पानीको व्यवस्थापन सुधारिने,
- वन जन्य प्रजाति र जैविक विविधताको संरक्षण र प्रवर्द्धन हुने,
- स्थानीय समुदायको सहभागिता र सहकार्य अभिवृद्धि हुने ।

**११.४.१७.३३० दीपिनी बेतिनी ब्युटिफिकेशन (वातावरण सौन्दर्यीकरण) कार्य, दमक न.पा., झापा ।**

पृष्ठभूमिः

दमक नगरपालिकाभित्र रहेका दीपिनी खोला र बेतिनी खोला किनार क्षेत्र प्राकृतिक, वातावरणीय तथा सौन्दर्यात्मक दृष्टिले महत्त्वपूर्ण भएकाले योजनाबद्ध संरक्षण र सौन्दर्य प्रवर्द्धनका गतिविधि आवश्यक देखिएका छन्। स्थानीय तह, जनप्रतिनिधि र सरोकारवालाको समन्वयमा यस्ता क्षेत्रको व्यवस्थित विकास गर्न कार्यक्रम सञ्चालन गर्नु जरुरी छ।

उद्देश्यः

- खोला किनार क्षेत्रको वातावरणीय संरक्षण र सौन्दर्य प्रवर्द्धन गर्ने ।

कार्यान्वयन विधिः

कार्यक्रम दमक नगरपालिकाको समन्वयमा उपभोक्ता समिति वा ठेक्का विधिबाट सञ्चालन गरिनेछ। दीपिनी खोला र बेतिनी खोला किनारको सौन्दर्य अभिवृद्धि गर्ने गतिविधिहरू स्थानीय तहका जनप्रतिनिधि र सरोकारवालासँग छलफल गरी पहिचान गरिनेछ। पहिचान गरिएका क्रियाकलापहरूमा आवश्यक लागत अनुमान तयार गरी सोही बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ। समन्वय बैठक, लागत अनुमान तयारीका लागि खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता तथा कार्यक्रम अनुगमन खर्च यसै शीर्षकबाट व्यहोर्न सकिनेछ। प्राकृतिक साधन र स्रोतको बढी भन्दा बढी उपयोग गरी कार्यान्वयन गर्ने ।

**अपेक्षित उपलब्धिः**

- खोला किनार क्षेत्रको संरक्षण र सौन्दर्यमा सुधार हुने,
- स्थानीय तह र सरोकारवालाबीच सहकार्य र स्वामित्व अभिवृद्धि हुने,
- कार्यक्रमको पारदर्शी र प्रभावकारी कार्यान्वयन सुनिश्चित हुने ।

### १.३.५.४१ हात्ती गस्ती, झापा ।

**पृष्ठभूमिः**

हात्ती गस्ती परिचालन कार्यलाई प्रभावकारी बनाउन गस्ती टोलीको आधारभूत सुविधा, सुरक्षा सामग्री, सञ्चार उपकरण तथा सवारी साधनको व्यवस्थापन आवश्यक देखिएको छ। पर्याप्त लजिस्टिक तथा सञ्चालन सहयोगको अभावमा गस्ती कार्य प्रभावकारी हुन नसक्ने भएकाले योजनाबद्ध रूपमा आवश्यक सामग्री र सेवामा खर्च गर्नुपर्ने आवश्यकता रहेको छ।

**उद्देश्यः**

- हात्ती गस्ती टोलीको सुरक्षित र प्रभावकारी परिचालन सुनिश्चित गर्ने ।

**कार्यान्वयन विधिः**

गस्ती टोलीका लागि चिया–खाजा, खानेपानी तथा आवश्यक दैनिक सुविधा व्यवस्थापन गरिनेछ। रेनकोट, बुट, टर्चलाइट, वाटर बोतल जस्ता आवश्यक लजिस्टिक सामग्री खरिद गरिनेछ। परिचालित टोलीको अस्थायी बसोबासका लागि बाहुनडाँगी क्षेत्रमा घरभाडा तथा बेडिङ–बिस्तारा खरिदको व्यवस्था गरिनेछ। गस्ती अवधिमा प्रभावकारी सञ्चारका लागि मोबाइल सेट खरिद गर्न सकिनेछ । जनहितका सूचनाहरू माइकिङमार्फत प्रसारण गर्न साउण्ड सेट खरिद गर्न सकिनेछ । हात्ती गस्तीमा प्रयोग हुने सवारी साधनका लागि इन्धन तथा लाइटसहितको साइरन जडानको व्यवस्था गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धिः**

- गस्ती टोलीको परिचालन क्षमता र कार्यक्षमता अभिवृद्धि हुने,
- हात्ती आवतजावतको निगरानी र सूचना सम्प्रेषण प्रभावकारी हुने,
- हात्ती–मानव द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने ।

## ११.४.१७.१२३९ वन्यजन्तु व्यवस्थापन, उद्धार र मानव वन्यजन्तु द्वन्द न्यूनिकरण ।

**पृष्ठभूमिः**

वन्यजन्तुको वासस्थान संरक्षण, प्रभावकारी व्यवस्थापन तथा मानव–वन्यजन्तु सहअस्तित्व कायम गर्न समग्र संरक्षण कार्यक्रम आवश्यक देखिएको छ। वासस्थान सुधार, घाइते तथा टुहुरा वन्यजन्तुको उद्धार र पुनःस्थापना तथा जनचेतना अभिवृद्धिबाट मात्र दीगो संरक्षण सम्भव हुने भएकाले योजनाबद्ध रूपमा यस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ।

**उद्देश्यः**

- वन्यजन्तुको वासस्थान व्यवस्थापन र संरक्षण गर्ने ।

**कार्यान्वयन विधिः**

घाँसे मैदान व्यवस्थापन, पानी पोखरी निर्माण तथा वनजन्य फलफूलको वृक्षारोपण जस्ता वन्यजन्तु वासस्थान व्यवस्थापन क्रियाकलाप सञ्चालन गरिनेछ। घाइते तथा टुहुरा वन्यजन्तुको उद्धार, अस्थायी केज निर्माण, हेरचाह, आहारा तथा दाना–पानी र घाँस खरिद तथा प्राकृतिक वासस्थानमा पुनःस्थापनाका गतिविधिमा खर्च गरिनेछ। उद्धार कार्यका लागि आवश्यक औषधि तथा अन्य सम्बन्धित सामग्री खरिद गरिनेछ। मानव–वन्यजन्तु सहअस्तित्व प्रवर्द्धनका लागि सचेतनामूलक प्रचार–प्रसार सामग्री उत्पादन तथा रेडियो, टेलिभिजन, पत्रपत्रिका र होर्डिङ बोर्डमार्फत प्रसारण गरिनेछ।

**अपेक्षित उपलब्धिः**

- वन्यजन्तुको वासस्थान सुधार र संरक्षण सुदृढ हुने,
- घाइते तथा टुहुरा वन्यजन्तुको प्रभावकारी उद्धार र पुनःस्थापना हुने,
- मानव–वन्यजन्तु सहअस्तित्व सम्बन्धी जनचेतंना अभिवृद्धि हुने ।

## ११.४.१७.१२५५ वन्यजन्तु उद्धार केन्द्र, काठमाडौं ।

**पृष्ठभूमिः**

डिभिजन वन कार्यालय, काठमाडौं अन्तरगत लैनचौरमा अवस्थित वन्यजन्तु उद्धार केन्द्र वन्यजन्तुको उद्धार पश्चात उपचार, पुनःस्थापना, पूर्व आवश्यक रिकभरी (Recovery) तथा सुरक्षित वातावरण प्रदान गर्ने महत्वपूर्ण पूर्वाधार हो। केन्द्रका अधिकांश संरचना निर्माण भइसकेका भएतापनि केही भौतिक संरचना, सेवा सुविधा तथा व्यवस्थापन पक्ष अझै बाँकी रहेकाले केन्द्र पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन। बाँकी संरचनाहरूको निर्माण सम्पन्न गरी उद्धार केन्द्रलाई यथाशीघ्र प्रभावकारी रूपमा सञ्चालनमा ल्याउनु आवश्यक देखिएको छ।

**उद्देश्यः**

- वन्यजन्तुको उद्धार, उपचार तथा पुनःस्थापनाका लागि आवश्यक पूर्वाधार सुदृढ गर्ने ।

**कार्यान्वयन विधिः**

यस शीर्षकमा विनियोजित रकम डिभिजन वन कार्यालय, काठमाडौंको लैनचौरस्थित वन्यजन्तु उद्धार केन्द्रमा निर्माण हुन बाँकी रहेका संरचनाहरूको निर्माण कार्य, विद्युतीकरण, पानी तथा ढल व्यवस्थापन, उद्धार केन्द्रको सुरक्षाका लागि तारबार निर्माणमा खर्च गरिनेछ। साथै उद्धार केन्द्र सञ्चालनका लागि आवश्यक सवारी साधनको सञ्चालन, कम्प्युटर, प्रिन्टर, फर्निचर, सरसफाई सामग्री खरिद, केन्द्रको नियमित रेखदेख तथा सरसफाईका लागि आवश्यक कर्मचारीको पारिश्रमिकमा खर्च गर्न सकिनेछ। आवश्यकता अनुसार बाहिरबाट बोलाइने विशेषज्ञका लागि खाजा, भत्ता, सञ्चार तथा यातायात खर्च समेत यसै शीर्षकबाट व्यहोर्न सकिनेछ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट डिभिजन वन कार्यालय, काठमाडौं वन्यजन्तुको उद्धार, उपचार तथा पुनःस्थापनामा आत्मनिर्भर भई मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। साथै यो उद्धार केन्द्र राष्ट्रिय स्तरमै नमूनायोग्य संरचनाका रूपमा विकास हुने अपेक्षा गरिएको छ।

**जनशक्ति व्यवस्थापनः**

- डिभिजन वन कार्यालय, काठमाडौंका कर्मचारी

**जिम्मेवार निकायः:**

- डिभिजन वन कार्यालय, काठमाडौं

## ११.४.१७.१२३९ वन्यजन्तु व्यवस्थापन, उद्धार तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण ।

**पृष्ठभूमिः**

वन्यजन्तुको वासस्थान संरक्षण, व्यवस्थापन तथा समयमै उद्धार र उपचारको अभावका कारण मानव–वन्यजन्तु द्वन्द्वका घटनाहरू बढ्दो क्रममा रहेका छन्। वासस्थान सुधार, उद्धार तथा पुनःस्थापना र जनचेतना अभिवृद्धिलाई एकीकृत रूपमा कार्यान्वयन गर्न सकिने कार्यक्रम आवश्यक देखिएको छ।

**उद्देश्यः**

- वन्यजन्तुको वासस्थान व्यवस्थापन र संरक्षण गर्ने,
- वन्यजन्तुको उद्धार, उपचार तथा पुनःस्थापना गरी मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने ।

**कार्यान्वयन विधिः**

- घाँसे मैदान व्यवस्थापन, पानी पोखरी निर्माण तथा वासस्थान सुधारसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।
- वन्यजन्तु उद्धार कार्यका क्रममा कर्मचारीको सुरक्षाका लागि आवश्यक सुरक्षात्मक सामग्री (Protective Suit, Field Gear, Shield आदि) तथा अन्य आवश्यक उपकरण खरिद गर्न सकिनेछ । मानव–वन्यजन्तु सहअस्तित्व प्रवर्द्धनका लागि सचेतनामूलक प्रचार–प्रसार सामग्री उत्पादन गरी रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा होर्डिङ बोर्डमार्फत प्रसारण गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धिः**

- वन्यजन्तुको वासस्थान व्यवस्थापन र संरक्षण सुदृढ हुने,
- उद्धार, उपचार तथा पुनःस्थापनामार्फत मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण हुने,
- मानव–वन्यजन्तु सहअस्तित्व सम्बन्धी जनचेतना अभिवृद्धि हुने ।

**जनशक्ति व्यवस्थापनः**

- डिभिजन तथा सब–डिभिजन वन कार्यालयका कर्मचारी,
- प्राविधिक तथा उद्धार टोली तथा अन्य विज्ञहरु ।

**जिम्मेवार निकायः:**

- सम्बन्धित डिभिजन तथा सब–डिभिजन वन कार्यालय

**२.७.२५.११७२ मानव वन्यजन्तु द्धन्द तथा वन्यजन्तु उद्दार र व्यवस्थापनका लागि भेटेनरी डाक्टर सहितको स.व.र. को टोली परिचालन तथा व्यवस्थापन कार्यकम ।**

**पृष्ठभूमिः**

झापा, सुनसरी र मोरङ जिल्लामा हात्ती लगायत अन्य वन्यजन्तु र मानवबीचको द्वन्द्व बढ्दो क्रममा रहेको छ। द्वन्द्वका कारण मानव क्षति, बालीनाली नोक्सानी तथा वन्यजन्तु घाइते, बिरामी वा मृत्यु हुने घटनाहरू देखिँदै आएका छन्। भौतिक पूर्वाधार मात्रले यस्तो समस्या समाधान गर्न पर्याप्त नहुँदा जनचेतना अभिवृद्धि, स्थानीय सहभागिता, नियमित निगरानी तथा प्राविधिक उपचार र उद्धार संयन्त्र सुदृढ गर्न आवश्यक देखिएको छ। वन्यजन्तुको समयमै उपचार, उद्धार र व्यवस्थापनका लागि भेटेनरी सेवा सहितको विशेष टोली परिचालन, साथै समुदाय, युवा, विद्यार्थी र सुरक्षा निकायबीच समन्वय तथा क्षमता विकास आवश्यक रहेको छ। यसका लागि योजनाबद्ध रूपमा जनचेतना, गस्ती, निगरानी, उपचार तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नु अपरिहार्य देखिएको छ।

**उद्देश्यः**

- मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्ने,
- स्थानीय समुदाय, युवा, विद्यार्थी तथा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्ने,
- वन्यजन्तुको समयमै उपचार, उद्धार र व्यवस्थापन सुनिश्चित गर्ने,
- भेटेनरी तथा प्राविधिक टोलीको परिचालन क्षमता सुदृढ गर्ने,
- निगरानी, गस्ती तथा वन्यजन्तु नियन्त्रण प्रणाली मजबुत बनाउने,
- वन्यजन्तु प्रभावित क्षेत्रमा वैकल्पिक बाली तथा आयमूलक कार्यक्रम प्रवर्द्धन गर्ने।

**कार्यान्वयन विधिः**

- मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि मिडिया तथा स्थानीय सञ्चार माध्यममार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सब–डिभिजन स्तरीय सुरक्षा निकाय, विद्यार्थी, स्थानीय समुदाय तथा सरोकारवालालाई लक्षित गरी अभिमुखीकरण तथा शिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- हात्ती तथा अन्य वन्यजन्तु प्रभावित क्षेत्रमा गठित युवा समूह परिचालन तथा अध्ययन भ्रमणको व्यवस्था गरिनेछ।
- भेटेनरी डाक्टर सहितको शसस्त्र वन रक्षक (स.व.र.) टोली परिचालन गरिनेछ, आवश्यक परे भेटेनरी डाक्टर तथा सवारी चालकलाई करार सेवामा लिइनेछ।
- वन्यजन्तु उपचार, उद्धार तथा व्यवस्थापनका लागि आवश्यक औषधि, उपकरण तथा सामग्री खरिद गरिनेछ।
- रेञ्जरलाई करार सेवामा लिई नियमित गस्ती, निगरानी तथा नियन्त्रण कार्य सुदृढ गरिनेछ।
- गस्ती तथा टोली परिचालनका लागि सवारी साधन मर्मत, इन्धन तथा खाना, खाजा, पानी लगायत आवश्यक लजिस्टिक व्यवस्थापनमा खर्च गरिनेछ।
- हात्तीले मन नपराउने तथा वैकल्पिक बालीका रूपमा केरा, बाँस, कागती, खुर्सानी, बयर, हातिघाँस रोपण गरिनेछ।
- स्थानीय तहको साझेदारीमा "तोरी–मौरी–घर–लौरी कार्यक्रम" जस्ता आयमूलक तथा द्वन्द्व न्यूनीकरण सहयोगी कार्यक्रम सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धिः**

- मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा जनचेतना र स्थानीय सहभागिता अभिवृद्धि हुने,
- वन्यजन्तुको उपचार, उद्धार तथा व्यवस्थापन कार्य प्रभावकारी हुने,
- निगरानी, गस्ती तथा नियन्त्रण प्रणाली सुदृढ हुने,
- वन्यजन्तु प्रभावित क्षेत्रमा वैकल्पिक बाली तथा आयमूलक कार्यक्रम प्रवर्द्धन हुने,
- स्थानीय समुदाय, युवा, सुरक्षा निकाय तथा सरोकारवालाबीच समन्वय मजबुत हुने,
- वन्यजन्तु संरक्षण तथा व्यवस्थापन प्रणाली दीगो रूपमा सुदृढ हुने।

**जनशक्ति व्यवस्थापनः**

• डिभिजन तथा सब–डिभिजन वन कार्यालयका कर्मचारी
• शसस्त्र वन रक्षक (स.व.र.) टोली
• भेटेनरी डाक्टर (करार सेवा)
• रेञ्जर (करार सेवा)
• स्थानीय युवा समूह, सुरक्षा निकाय तथा समुदाय

**११.४.१७.१२३६ पारिजातको जंगल संरक्षण तथा व्यवस्थापन, धादिङ ।**

**पृष्ठभूमिः**

धादिङ जिल्लामा अवस्थित पारिजातको जंगल जैविक विविधता, औषधीय तथा सुगन्धित वनस्पतिका दृष्टिले महत्वपूर्ण प्राकृतिक सम्पदा हो। पारिजातजन्य कच्चा पदार्थको दिगो उपयोग, संरक्षण तथा व्यवस्थापन गर्दै आधुनिक प्रविधि र उपकरणको प्रयोगमार्फत वन उद्यमको स्थापना, प्रवर्द्धन र विकास गर्नुपर्ने आवश्यकता देखिएको छ। यसबाट हरित रोजगारी सिर्जना, स्थानीय आम्दानी वृद्धि तथा निर्यातमुखी वा आयात प्रतिस्थापन गर्ने उद्योगको विकास सम्भव हुने भएकाले यस कार्यक्रमलाई समावेश गरिएको हो।

**उद्देश्यः**

- आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गरी पारिजातजन्य कच्चा पदार्थमा आधारित वन उद्यमको स्थापना, प्रवर्द्धन र विकास गर्नु,
- पारिजातजन्य बनपैदावारमा आधारित उद्यमको विकासबाट हरित रोजगारी तथा थप आय आर्जनका अवसरहरू वृद्धि गर्नु,
- निजी क्षेत्र वा वन समूहको साझेदारीमा निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उद्योग स्थापना गर्न समग्र मूल्य श्रृङ्खलामा प्रोत्साहन र सहजीकरण गर्नु,
- पारिजात जंगलको संरक्षण तथा दिगो व्यवस्थापनका लागि प्रचारप्रसार गर्नु।

**कार्यान्वयन विधिः**

- प्रचलित कानून बमोजिम स्थापना भई वन समूहले आफैं वा निजी क्षेत्रको साझेदारीमा सञ्चालन गरिरहेका तथा स्थापना गर्न प्रस्तावित उद्योगहरूबाट मागका आधारमा प्राप्त प्रस्तावहरूको एकिन तथा छनौट गरिनेछ।
- छनौट भएका उद्योगहरूलाई समूहको लागत सहभागितामा मेसिनरी औजार खरिद, पूर्वाधार निर्माण, प्रविधि विकास तथा प्रविधि हस्तान्तरणका लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खर्च गरिनेछ।
- हस्तान्तरण गरिएका मेसिनरी औजारहरूको मर्मतसम्भार, संरक्षण तथा व्यवस्थापनको जिम्मेवारी सम्बन्धित उद्यमीको हुनेछ।
- पारिजात जंगल संरक्षण तथा व्यवस्थापन सम्बन्धी जनचेतनामूलक तथा प्रचारप्रसार कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धिः**

- पारिजातजन्य कच्चा पदार्थमा आधारित आयुर्वेदिक, हर्बल, सुगन्धित तथा सौन्दर्य वस्तु उत्पादन उद्योगहरूको स्थापना तथा प्रविधिगत सुधार,
- स्थानीय स्तरमा हरित रोजगारी सिर्जना भई समुदायको आयस्तरमा वृद्धि,
- पारिजात जंगलको दिगो संरक्षण र व्यवस्थापनमा समुदायको सहभागिता तथा चेतना अभिवृद्धि,
- निर्यातमूलक तथा आयात प्रतिस्थापन गर्ने उद्योगमार्फत स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान।

**जनशक्ति व्यवस्थापनः**

- कार्यक्रम कार्यान्वयनमा वन समूहका पदाधिकारी, प्राविधिक जनशक्ति, सम्बन्धित उद्यमी तथा निजी क्षेत्रका दक्ष जनशक्तिको परिचालन गरिनेछ।
- आवश्यकताअनुसार आयुर्वेदिक, हर्बल, सुगन्धित तथा सौन्दर्य वस्तु उत्पादन सम्बन्धी विशेषज्ञ तथा प्रशिक्षकमार्फत तालिम तथा प्रविधि हस्तान्तरण गरिनेछ।

**जिम्मेवार निकायः:**

- सम्बन्धित वन समूह
- निजी क्षेत्र/उद्यमी (साझेदारीमा)
- डिभिजन वन कार्यालय/सम्बन्धित वन कार्यालय
- स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरू

## ११.४.१७.१२६५ जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन (पञ्चासे वन संरक्षण क्षेत्र र दुम्कीवास क्षेत्र)।

**पृष्ठभूमिः**

पञ्चासे वन संरक्षण क्षेत्र र दुम्कीवास क्षेत्र जैविक विविधता, वन्यजन्तु, जलाधार, पानी स्रोत तथा पर्यापर्यटनका दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र हुन्। यस क्षेत्रभित्र रहेका वन, वन्यजन्तु, जैविक विविधता र जलाधार संरक्षणका साथै ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्व बोकेका पर्यटकीय सम्पदाको संरक्षण, मर्मत तथा स्तरोन्नति आवश्यक देखिएको छ। प्राकृतिक सम्पदा संरक्षणलाई स्थानीय समुदायको जीविकोपार्जन सुधार र पर्यापर्यटन प्रवर्द्धनसँग जोड्दै पञ्चासे वन संरक्षण क्षेत्रलाई रमणीय पर्यटकीय गन्तव्य तथा सिकाइ केन्द्रका रूपमा विकास गर्न यो कार्यक्रम आवश्यक रहेको छ।

**उद्देश्यः**

- पञ्चासे वन संरक्षण क्षेत्रभित्रका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै पर्यापर्यटन मार्फत स्थानीय समुदायको जीविकोपार्जन सुधार गर्ने,
- वन स्रोतको दिगो व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा योगदान पुऱ्याउने ।

**कार्यान्वयन विधिः**

- स्थानीय समुदाय तथा सामुदायिक वन उपभोक्ता समूहको सहभागितामा स्थलगत अवलोकन गरी कार्यक्रम आवश्यकताको पहिचान र प्राथमिकिकरण गरिनेछ।
- जैविक विविधता संरक्षण, भू तथा जलाधार व्यवस्थापन (समेत उपचार पहिरो तथा गल्छी), ताल–पोखरी तथा पानी मुहान संरक्षण, सरसफाई र मर्मत सम्भारका कार्यहरू सञ्चालन गर्न सकिनेछ ।
- धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्व बोकेका मठ–मन्दिरको मर्मत, सम्भार तथा स्तरोन्नति गर्न सकिनेछ ।
- विश्राम स्थलचौतारी/, गोरेटो बाटो तथा पदमार्ग, सेड हाउस निर्माण, मर्मत तथा स्तरोन्नति गर्न सकिनेछ ।
- स्थानीय प्रजाति संरक्षण, जीविकोपार्जन सुधारका क्रियाकलाप, पर्यापर्यटन प्रवर्द्धन तथा वन, वन्यजन्तु र जैविक विविधता संरक्षणसम्बन्धी प्रचार–प्रसार कार्यक्रम सञ्चालन गरिनेछ। स्वीकृत डिजाइन तथा लागत अनुमान बमोजिम उपभोक्ता समिति वा स्थानीय निकायसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- कार्यक्रम कार्यान्वयनका क्रममा सवारी साधन मर्मत, इन्धन, अनुगमन तथा निरीक्षणसम्बन्धी खर्च व्यहोर्न सकिनेछ।
- सम्पन्न कार्यको विवरण र फोटो सहितको कार्यसम्पन्न प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

**अपेक्षित उपलब्धिः**

- जैविक विविधता, वन स्रोत तथा जलाधार संरक्षण सुदृढ हुने,
- पानी स्रोतको संरक्षण र सुधार हुने,
- पर्यापर्यटन प्रवर्द्धन भई पञ्चासे क्षेत्र पर्यटकीय गन्तव्यका रूपमा विकसित हुने,
- स्थानीय समुदायको जीविकोपार्जनमा सुधार आउने,
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणमा योगदान पुग्ने ।

**जनशक्ति व्यवस्थापनः**

- प्रदेश स्तरको सम्बन्धित निर्देशनालयका कर्मचारीबाट प्राविधिक सहयोग,
- आवश्यकता अनुसार प्रदेशबाट थप **जनशक्ति व्यवस्थापन** ।

**जिम्मेवार निकायः:**

- सम्बन्धित डिभिजन वन कार्यालय
- प्रदेश स्तरको सम्बन्धित निर्देशनालय

## ११.४.१७.८७३ वन सम्बर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन ।

**पृष्ठभूमिः**

नेपालमा वन क्षेत्रको संरक्षण, उत्पादन र दिगो व्यवस्थापन सुनिश्चित गर्न वन सम्बर्धन प्रणाली अन्तर्गत विविध कार्यक्रम सञ्चालन आवश्यक रहेको छ। विरुवा उत्पादन, वृक्षारोपण, घेराबेरा, गोडमेल, झाडी सफाइ, पुनरोत्पादन अभिवृद्धि कार्यक्रम, घाटगद्दी व्यवस्थापन जस्ता कार्यहरू वन क्षेत्रको जैविक विविधता, माटो–पानी संरक्षण र पर्यावरणीय सन्तुलन कायम राख्न महत्त्वपूर्ण छन्। यी कार्यहरू डिभिजन वन कार्यालय, उप–विभाजन वन कार्यालय वा अमानत/परामर्श सेवा दाताबाट समेत कार्यान्वयन गर्न सकिनेछ ।

**उद्देश्यः**

- वन क्षेत्रको दिगो व्यवस्थापन र संरक्षण सुनिश्चित गर्ने,
- गुणस्तरीय विरुवा उत्पादन र वृक्षारोपण मार्फत वन क्षेत्र पुनःस्थापना गर्ने,
- वन सम्बर्धन प्रणालीका विभिन्न कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने,
- घेराबेरा, गोडमेल, झाडी सफाइ तथा घाटगद्दी व्यवस्थापनमार्फत वन क्षेत्रको स्वास्थ्य सुधार गर्ने ।

**कार्यान्वयन विधिः**

- विरुवा उत्पादनः उपयुक्त रैथाने प्रजातिका विरुवा उत्पादन गरी गुणस्तरीय आपूर्ति सुनिश्चित गर्नु,
- वृक्षारोपणः उत्पादन भएका विरुवालाई क्षतिग्रस्त, बंजार तथा वन क्षेत्रमा रोपण गर्ने,
- घेराबेरा र गोडमेलः वन संरचना संरक्षणका लागि आवश्यक कार्यहरू सञ्चालन गर्ने,
- झाडी सफाइः वन क्षेत्रको स्वास्थ्य र दिगोपना सुनिश्चित गर्ने उद्देश्यले सफाइ तथा व्यवस्थापन,
- पुनरोत्पादन अभिवृद्धिः वन उपजको निरन्तर आपूर्ति र जैविक विविधता संरक्षणको लागि उपयुक्त प्रजाति बढाउने,
- घाटगद्दी व्यवस्थापनः नदी किनार, पानी स्रोत र सिमसार क्षेत्रको संरक्षण र वन्यजन्तु आवास सुधार गर्ने,
- उक्त कार्यहरू आवश्यक जनशक्ति, प्राविधिक सहयोग र स्थानीय समुदायको सहभागितासँग समन्वय गर्दै डिभिजन वन कार्यालय वा परामर्श/अमानत सेवा प्रदायकबाट सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धिः**

- वन क्षेत्रको दिगो व्यवस्थापन र संरक्षण सुनिश्चित हुनु,
- गुणस्तरीय रैथाने विरुवा उत्पादन र व्यापक वृक्षारोपण सम्पन्न हुनु,
- घेराबेरा, गोडमेल, झाडी सफाइ र घाटगद्दी व्यवस्थापनमार्फत वन स्वास्थ्य सुधार हुनु,
- स्थानीय समुदायको सहभागिता अभिवृद्धि भई वन संरक्षणमा दीगो योगदान पुग्नु।

जनशक्ति व्यवस्थापनः

- डिभिजन तथा सब–डिभिजन वन कार्यालयका कर्मचारी
- स्थानीय वन उपभोक्ता समूह तथा प्राविधिक जनशक्ति
- अमानत/परामर्श सेवा दाता

जिम्मेवार निकायः:

- सम्बन्धित डिभिजन तथा सब–डिभिजन वन कार्यालय

## (ख) जडिबुटी विकास कार्यक्रम

### ११.४.१७.१२७९ कवुलियती वन प्रवर्द्धन तथा सहजीकरण कार्यक्रम ।

राष्ट्रिय वनको हैसियत बिग्रिएको क्षेत्रहरुमा हरियाली प्रवर्द्धन तथा वनको विकास गर्दै गरिबीको रेखामुनि रहेका स्थानिय वन उपभोक्ताहरुको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले विगतदेखि कवुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ । कवुलियती वनको विकास र प्रवर्द्धनद्वारा वनको हैसियतमा सूधार ल्याउँदै उपभोक्ताहरुका वन पैदावार लगायतका अन्य आवश्यकताहरु समेत आपूर्ति गर्न सकिन्छ । विगतमा हस्तान्तरण भएका कतिपय कवुलियती वन समूहहरु हाल निष्क्रिय अवस्थामा रहेका छन् । डिभिजन वन कार्यालयले कबुलियती वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना बमोजिम कबुलियति वनको संरक्षण र विकास गर्नुका साथै उपभोक्ताहरुको जीविकोपार्जनमा समेत प्रत्यक्ष फाइदा पुग्ने र छिटो प्रतिफल दिन सक्ने किसिमका जडिबुटीहरु जस्तैः चिराईतो, सतुवा, टिमुर, रुद्राक्ष, तेजपात आदि, गैरकाष्ठ वन पैदावार प्रजातीका विरुवाहरु : जस्तै)ओखर, अर्गेली, लप्सी, अमला, अम्रिसो, टिमुर, आदि विभिन्न किसिमका उन्नत जातका घाँस, डालेघाँसका विरुवा आदि(, फलफुलका विरुवा जस्तैः लिचि, आँप, रुखकटहर, मोरिङ्गा, स्याउपाति/नास्पाती, एभोकाडो आदीको विरुवा रोपण गरी सोको संरक्षण तथा सिंचाई व्यवस्थापनमा समेत कार्य गरी कवुलियती वनको खाली तथा झाडीदार क्षेत्र एवं उपभोक्ताहरुको आवादी जग्गामा खेति विस्तार गर्न सकिनेछ । डिभिजन वन कार्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म नजिकै रहेका पायक पर्ने धेरै समूहहरुलाई सामुहिक रुपमा एकै प्रकारका प्रजातिहरु रोपण एवम् खेति विस्तार गर्न प्रेरित गरिएमा भविष्यमा उत्पादित परिमाण धेरै हुने भई बजारिकरणमा समेत सहज हुनेछ ।
यस कार्यक्रम कवुलियती वन समूहको निर्णय तथा सब डिभिजन वन कार्यालयको प्राविधिक सहयोग र सिफारिसको आधारमा कवुलियती वन समूहको कम्तीमा १० प्रतिशत लागत साझेदारी हुने गरी डिभिजन वन कार्यालयसँगको सम्झौता बमोजिम संचालन गर्न सकिने छ ।

जनशक्ति व्यवस्थापनः

डिभिजन वन कार्यालय तथा मातहतका कर्मचारीहरु, वन प्राविधिक सहायक, समूह सहयोगीहरु ।

अपेक्षित उपलब्धिः

यस कार्यक्रमबाट निष्क्रिय रुपमा रहेका कवुलियती वन समूहहरु वन व्यवस्थापनमा सक्रिय भई वनको हैसियतमा सूधार हुनेछ साथै गरिबीको रेखामुनि रहेका उपभोक्ताहरुको आयआर्जनमा समेत वृद्धि भएको हुनेछ ।

## ११.४.१७.१२८० कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम ।

पृष्ठभूमिः

सामुदायिक तथा कबुलियती वन, हैसियत बिग्रेका तथा अतिक्रमण हटाइएका वन क्षेत्र, नदी उकास क्षेत्र तथा निजी/सार्वजनिक जग्गामा हाल जमिनको उत्पादकत्व न्यून रहेको अवस्था विद्यमान छ। यस्ता क्षेत्रहरू उपयोगविहीन रहँदा पुनः अतिक्रमणको जोखिम, वन आवरण कमजोर हुने, माटो क्षय तथा वातावरणीय जोखिम बढ्ने समस्या देखिएको छ।

जमिनको दीगो उपयोग, वन क्षेत्रको हैसियत सुदृढीकरण, स्थानीय समुदायको आयआर्जन वृद्धि तथा वन संरक्षणप्रति स्वामित्व भावना विकास गर्न कृषि वन प्रणाली प्रभावकारी उपायको रूपमा रहेको छ। विशेष गरी सामुदायिक तथा कबुलियती वनका खाली वा हैसियत बिग्रेका क्षेत्रहरूमा फलफूल तथा गैरकाष्ठ वन पैदावार र बहुउपयोगी विरुवाको प्रवर्द्धनले आयआर्जन, जैविक विविधता संरक्षण, माटो—पानी संरक्षण, मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनमा योगदान पुऱ्याउने देखिएको छ।

उद्देश्यः

- कृषि वन प्रणाली अपनाई वन तथा जमिनको उत्पादकत्व विकास गर्ने,
- आयमूलक वनजन्य, जडीबुटी, फलफूल तथा बहुउपयोगी विरुवाको रोपण, संरक्षण र प्रवर्द्धन गर्ने,
- सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूहको आयआर्जन वृद्धि गर्ने,
- क्षतिग्रस्त, बंजार तथा हैसियत बिग्रेका वन क्षेत्रको पुनःस्थापना गर्ने,
- जैविक विविधता संरक्षण, माटो—पानी संरक्षण तथा पारिस्थितिक सन्तुलन कायम राख्ने,
- जलवायु परिवर्तन अनुकूलन तथा कार्बन सञ्चयमा योगदान पुऱ्याउने,
- वृक्षारोपणमा स्थानीय समुदायको अपनत्व, सहभागिता र सचेतना अभिवृद्धि गर्ने।

कार्यान्वयन विधिः

- कार्यक्रम सामुदायिक तथा कबुलियती वन, निजी/सार्वजनिक जग्गा, हैसियत बिग्रेका तथा अतिक्रमण हटाइएका वन क्षेत्र र नदी उकास क्षेत्रहरूमा कार्यान्वयन गरिनेछ।
- डिभिजन वन कार्यालयले स्थानीय प्राथमिकता वा फलफूल/गैरकाष्ठ वन पैदावारका लागि पकेट क्षेत्र घोषणा गरिएको क्षेत्रमा उपयुक्त जातका फलफूल तथा बहुउपयोगी विरुवाहरू खरिद गरी रोपण गराउनेछ।
- लप्सी, सुन्तला, जुनार, कागती, जामुन, आँप, लिचि, कटहर, अमला, तेजपात, एभोकाडो, स्याउपाती/नास्पाती, ओखर, अम्बा, रुद्राक्ष, मोरिङ्गा, हलुवाबेद लगायतका फलफूल तथा गैरकाष्ठ वन पैदावारका विरुवा, कलमी, कटिङ, ग्राफ्टिङ्ग खरिद, ढुवानी र रोपण गरिनेछ।
- वन समूहको माग संकलन गरी सब डिभिजन वन कार्यालयबाट स्थलगत निरीक्षण तथा प्राविधिक मूल्याङ्कन गरी उपयुक्त देखिएमा स्थानीय रैथाने जातका विरुवालाई प्राथमिकता दिइनेछ।
- सब डिभिजन वन कार्यालयले GIS को सहायताले क्षेत्रफल, मोहडा, स्लोप, उचाइ लगायतका विवरणसहित नक्साङ्कन गरी कुन क्षेत्रमा कुन प्रजातिका कति विरुवा रोपण उपयुक्त हुन्छ भन्ने विस्तृत प्राविधिक

प्रतिवेदन पेश गर्नेछ।

- विरुवा खरिद गर्दा वन सेवाका अधिकृतस्तरका कर्मचारीको प्राविधिक प्रतिवेदनका आधारमा स्वीकृत बजेट, प्रचलित बजार मूल्य तथा जिल्ला दररेट/नर्मस अनुसार सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गरिनेछ।
- विरुवा रोपण, संरक्षण तथा व्यवस्थापन कार्य सम्बन्धित सामुदायिक तथा कवुलियती वन उपभोक्ता समूहमार्फत गरिनेछ।
- कार्यक्रम कवुलियती/सामुदायिक वन समूहको निर्णय, सब डिभिजन वन कार्यालयको प्राविधिक सिफारिस र डिभिजन वन कार्यालयसँगको सम्झौता अनुसार सञ्चालन गरिनेछ, जसमा वन समूहको कम्तीमा १० प्रतिशत लागत साझेदारी रहनेछ।
- कृषि वन प्रवर्द्धनका लागि समन्वय बैठक, अन्तरक्रिया, क्षमता विकास, प्रचार—प्रसार, अनुगमन तथा कृषि वनसम्बन्धी होर्डिङ बोर्ड तयारी जस्ता सहायक क्रियाकलापहरू सञ्चालन गरिनेछ।
- विनियोजित बजेट विरुवा खरिद/ढुवानी, रोपण, संरक्षण (तारबार), खाजा, भ्रमण भत्ता तथा आवश्यक सहयोगी क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

अपेक्षित उपलब्धिः

- वन तथा जमिनको उत्पादकत्वमा सुधार भई वन क्षेत्रको हैसियत सुदृढ हुने,
- सामुदायिक तथा कवुलियती वनका खाली तथा हैसियत बिग्रेका क्षेत्रहरू पुनःस्थापना हुने,
- स्थानीय वातावरणसँग अनुकूल फलफूल तथा बहुउपयोगी विरुवाको प्रवर्द्धन हुने,
- सामुदायिक तथा कवुलियती वन उपभोक्ता समूहको आयआर्जनमा वृद्धि हुने,
- जैविक विविधता, माटो—पानी संरक्षण तथा पारिस्थितिक सन्तुलन कायम हुने,
- मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनमा योगदान पुग्ने।

जनशक्ति व्यवस्थापनः

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी
- सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी तथा उपभोक्ता
- कवुलियती वन उपभोक्ता समूहका पदाधिकारी तथा उपभोक्ता

जिम्मेवार निकायः

- सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालयहरू

**११.४.१७.१२७६ प्राकृतिक जडिबुटी संरक्षण तथा खेती विस्तार (सबै जिल्ला तथा छनौट भएका पालिकाहरु-निजी जग्गामा समेत) ।**

विभिन्न क्षेत्रको प्राकृतिक रुपमा सामुदायिक तथा कबुलियती वन, निजी तथा सार्वजनिक जग्गाहरुमा रहेका जडीबुटीहरु संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले यस कार्यक्रमको तय गरिएको छ । प्राकृतिक रुपमा वनमा तथा सार्वजनिक स्थानमा रहेका जडीवुटी संरक्षण गर्नुका साथै यस कार्यक्रम मार्फत निजी जग्गामा जडिबुटी उत्पादन तथा खेति विस्तार समेत गर्न सकिनेछ । डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र पाइने दुर्लभ एवम् बहुमूल्य जडिबुटी प्रजातिहरुको क्षेत्र पहिचान तथा छनौट गरी तिनको संरक्षण र विकास गर्नका लागि विभिन्न कृयाकलापहरु (जस्तै : घेराबार/तारबार, पुनरुत्पादन संरक्षण, गोडमेल, झाडी सफाई, नयाँ विरुवा रोपण आदि) सञ्चालन गर्न सकिनेछ ।इच्छुक किसानहरुले आफ्नो निजी जग्गामा समेत रोपण गर्न चाहेमा उपयुक्त जडिबुटी प्रजातिहरु खेति बिस्तारका लागि डिभिजन वन कार्यालयले सम्भव भएसम्म आफ्नो नर्सरीमा हुर्केका गुणस्तरीय विरुवा किसानलाई उपलब्ध गराउनु पर्नेछ र डिभिजन वन कार्यालयको नर्सरीमा उपलब्ध नभएमा निजी नर्सरीबाट गुणस्तरीय विरुवा गरिद गरी किसानलाई उपलब्ध गराउन सकिनेछ ।

यसको साथै देहायको विषयहरु समेतलाई ध्यान दिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

क) प्राकृतिक रुपमा रहेका जडीबुटीहरुको संरक्षण गर्नुपर्ने,

ख) व्यवसायिक रुपमा लाभ हुने स्थानीय हावापानी सुहाउने प्रजाति छनौट समेत गरी संरक्षण तथा खेती विस्तार गर्न सकिनेछ,

ग) जडीबुटी पकेट क्षेत्रका निजी जग्गामा स्थानीय हावापानी र व्यवसायिक महत्वका जडीवुटी खेती विस्तारको कार्य समेत सँचालन गरिनेछ।

<u>किसानहरुको छनौट प्रकृया :</u>

- डिभिजन वन कार्यालयबाट इच्छुक किसानलाई प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशन गर्ने,
- इच्छुक किसानबाट प्रस्ताव पेश गर्ने,
- डिभिजन वन कार्यालयबाट प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट,
- छनौट भएका प्रस्तावदाता किसानसँग सम्झौता गरी कार्य सञ्चालन ।

**<u>जनशक्ति व्यवस्थापन</u>**

- यस कार्यक्रमका लागि देशै भरका डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् ।
- वन तथा भूसरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक - पलब्ध गराइनेछ । ~~तथा अन्य सहयोग उ~~

<u>अपेक्षित उपलब्धी</u>

प्राकृतिक रुपमा रहेका जडीबुटीको सरक्षण तथा खेती विस्तारको कार्य भएको हुनेछ।

## ११.४.१७.१३४९ स्थानीय तहको सहकार्यमा जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना र संचालन ।

प्राकृतिक रुपमा चिराइतो ,लोक्ता ,अर्गेली ,मजिठो ,पाषणभेद रुद्राक्ष  लौठसल्ला नागवेली लगायतका व्यवसायिक महत्वका प्रजातिहरु उपलब्ध छन्। जिल्लामा व्यापार, यातायात तथा पहुँचका दृष्टिकोणवाट उपयुक्त स्थानमा संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्न स्थान छनौट गर्नु पर्नेछ। संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्न स्थानीय तहसँग सहकार्य गरी उपयुक्त स्थलमा केन्द्रको स्थापना प्रचलित ऐन नियम र कार्यविधि अनुसार गरिनेछ।

डिभिजन वन कार्यालयले यस कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी स्थान छनौट, कुन कुन प्रजातिका जडिबुटीहरुको प्रशोधन गरिने हो सोको यकिन गर्नुका साथै यसको निर्माण कार्यमा सम्भव भएसम्म सम्बन्धित स्थानीय तहसँग लागत साझेदारी गर्नु पर्नेछ । यसका साथै निर्माण पश्चात उक्त सङ्कलन तथा प्रशोधन केन्द्रको सञ्चालन गर्ने दिगो एवम् भरपर्दो संस्थागत संरचना समेतको पहिचान तथा ब्यवस्थाका लागि सम्बन्धित स्थानीय तहसँग सहकार्य गर्नु पर्नेछ ।

यस शीर्षकमा विनियोजित बजेटलाई जडिबुटी संकलन तथा प्रशोधन केन्द्रका लागि आवश्यक भौतिक संरचना निर्माण तथा प्रशोधन कार्यका लागि विभिन्न मेशिनरी औजारहरु खरिद गर्ने कार्यमा खर्च गरिनेछ ।

अपेक्षित उपलब्धि

जिल्लाको पायक पर्ने स्थानमा जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना हुनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रम कार्यान्वयनका लागि डिभिजन तथा सबडिभिजन वन कार्यालयका कर्मचारीहरू तथा सम्बन्धित स्थानीय तहको जनशक्तिको उपयोग गरिनेछ। आवश्यकता अनुसार सिभिल तथा इलेक्ट्रोमेकानिकल कार्यका लागि -त्रका जनशक्तिको उपयोग गर्न सकिनेछ। यस कार्यक्रमका लागि जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी निजीक्षे लिमिटेडको समेत सहयोग लिन सकिनेछ।

## ११.४.१७.३३४ पाटन खर्क तथा चरन व्यवस्थापन ।

जिल्लाका विभिन्न क्षेत्रमा रहेका पाटन, खर्क एवम् चरन क्षेत्रहरुको पहिचान गरी उक्त क्षेत्रहरुमा हुर्किरहेका घाँस, डालेघाँस तथा अन्य गैरकाष्ठ वन पैदावारको संरक्षण एवम् व्यवस्थापन गरिनेछ । यसका साथै उक्त क्षेत्रमा हुर्कन सक्ने विभिन्न प्रजातिका डालेघाँस तथा गैरकाष्ठ वन पैदावारहरुको रोपण समेत गरी हुर्काउने प्रयोजनार्थ यो शीर्षकमा विनियोजित बजेट खर्च गरिनेछ । यो क्षेत्रमा उक्त पाटन वा खर्कको गुणस्तरमा ह्रास नआउने गरी पशु चौपायाहरुको ब्यवस्थापन गर्नु पर्दछ । यस कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म जिल्लास्तरमा पशु सम्बन्धी कार्य गर्ने कार्यालयसँग समेत सहकार्य एवम् समन्वय गर्न सकिनेछ ।

पाटन तथा चरण व्यवस्थापनका लागि जिल्लास्थित गोठसंचालक तथा चौरी पालकहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरी चरन व्यवस्थापनका लागि water hole सुधार तथा निर्माण, रिचार्ज पोखरी निर्माण, पानी मुहान संरक्षण लगायतका क्रियाकलापहरु संचालन गरिनेछ। यसमा पानीको स्रोतलाई बढावा दिने वृक्षारोपण लगायतका क्रियाकलापहरू समेत संचालन गर्न सकिनेछ ।यस अन्तर्गत डढेलो सामाग्री खरिद, घाँसे मैदान व्यवस्थापन योजना निर्माण (पालिका स्तरीय), खर्क व्यवस्थापन समिति गठन र परिचालन, खर्क गोडमेल घाँस रोपण, बृक्षारोपण,

सुधारिएको गोठ तथा सामुदायिक गोठ निर्माण, खर्कको नक्साङ्कन (mapping), तथ्याङ्क नक्साङ्कन (Livestock) आदि कार्यहरु गरिनेछ ।

जनशक्ति परिचालन

यस कार्यक्रम सञ्चालनका लागि डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारीहरुको परिचालन गरिनेछ ।

अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट पाटन तथा चरन क्षेत्रको दिगो विकास तथा व्यवस्थापन हुनेछ ।

## ११.४.१७.१३५३ स्थानीय तहको सहकार्यमा बाँसको प्रवर्द्धन ।

**पृष्ठभूमिः**

वातावरण संरक्षण, माटो कटान नियन्त्रण, नदी किनार तथा पहिरो/गल्छी/खहरे नियन्त्रण र हरित क्षेत्र विस्तारका लागि स्थानीय तहसँग समन्वयमा उन्नत बाँस प्रजाति रोपण कार्यक्रम आवश्यक रहेको छ। यसैगरी स्थानीयस्तरमा भएका बाँसको स्रोतलाई उद्यम विकास गरी स्थानीय रोजगारी र आम्दानी बढाउन सकिन्छ । स्थानीय समुदायको सहभागिताबाट उपयुक्त क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दा दिगोपना र प्रभावकारिता सुनिश्चित हुने देखिएको छ।

**उद्देश्यः**

- जलाधार तथा माटो संरक्षण गर्दै हरित क्षेत्र विस्तार गर्ने

**कार्यान्वयन विधिः**

यस कार्यक्रम डिभिजन वन कार्यालयले सम्बन्धित स्थानीय तहसँग समन्वयमा उपयुक्त क्षेत्र पहिचान र छनौट गरी कार्यान्वयन गरिनेछ। उपलब्ध भएसम्म सम्बन्धित स्थानीय तहको बजेट समेत उपयोग गर्न सकिनेछ।
छनौट भएको क्षेत्रमा स्थानीय वन उपभोक्ता समूह तथा समुदायको सहभागितामा उपयुक्त उन्नत बाँस प्रजाति रोपण गरी तारबार गरिनेछ। कार्यक्रमको दिगोपना सुनिश्चित गर्न नियमित संरक्षण, हेरचाह र अनुगमन जिम्मेवारी सम्बन्धित उपभोक्ता समूहलाई हस्तान्तरण गरी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। यसका साथै स्थानीय तहको समन्वय र सहकार्यमा बाँस सम्बन्धी घरेलु, ससाना र मझ्यौला किसिमका उद्यममा समेत लगानी गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनपछि वन क्षेत्रको संरक्षण, माटो तथा नदी किनारको स्थायित्व, हरित क्षेत्र विस्तार र स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित हुने अपेक्षा गरिएको छ।

**जनशक्ति व्यवस्थापनः**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी
- संवद्ध वन उपभोक्ता समूह तथा स्थानीय समुदाय

**जिम्मेवार निकायः:**

- सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालय

## ११.४.१७.१३५६ लौठसल्ला संरक्षण कार्यक्रम ।

**पृष्ठभूमिः**

लौठसल्ला रुख विरुवाहरू स्थानीय जैविक विविधताको महत्वपूर्ण हिस्सा हुन्। प्रभावकारी संरक्षण र गुणस्तरीय विरुवा उत्पादनका लागि डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रमा लौठसल्ला पाइने क्षेत्रहरूको पहिचान, नक्साङ्कन र व्यवस्थापन आवश्यक देखिएको छ। यस मार्फत स्थानीय वन क्षेत्रको संरक्षण, दिगो व्यवस्थापन र नर्सरी आधारित विरुवा उत्पादन सुनिश्चित गर्न सकिनेछ।

**उद्देश्यः**

- लौठसल्ला रुख विरुवाको संरक्षण र विकास गर्ने ।

**कार्यान्वयन विधिः**

यस कार्यक्रम डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तर्गत लौठसल्ला पाइने क्षेत्रहरूको पहिचान र नक्साङ्कन गरी कार्यान्वयन गरिनेछ। यसअन्तर्गत झाडी सफाइ, गोडमेल, लहरा कटान, घेरबार/तारवार, बृक्षारोपण जस्ता संरक्षण र विकास सम्बन्धी क्रियाकलाप सञ्चालन गरिनेछ।

उपयुक्त रुखहरू माउ रुखको रूपमा पहिचान गरी संरक्षण गर्दै गुणस्तरीय बीउ सङ्कलन गरी डिभिजन वन कार्यालयको नर्सरीमा विरुवा उत्पादन गरिनेछ। उत्पादित विरुवा उपयुक्त क्षेत्रहरूमा रोपण गरी संरक्षण गरिनेछ। सामुदायिक वनमा लौठसल्लाको दिगो संरक्षणका लागि सम्बन्धित वन समूहसँग समन्वय एवं सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनपछि लौठसल्ला रुख विरुवाको संरक्षण, गुणस्तरीय बीउ सङ्कलन, नर्सरीमा प्रभावकारी विरुवा उत्पादन र सामुदायिक वनमा दिगो व्यवस्थापन सुनिश्चित हुने अपेक्षा गरिएको छ।

**जनशक्ति व्यवस्थापनः**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी
- सामुदायिक वन उपभोक्ता समूह

**जिम्मेवार निकायः:**

- सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालय

## ११.४.१७.१३५७ टिमुर संरक्षण तथा खेती विस्तार ।

**पृष्ठभूमिः**

टिमुर प्रजातिका गुणस्तरीय विरुवा खेतीले स्थानीय किसानको आयआर्जन बढाउने र वनजन्य जडीबुटीको उत्पादन प्रवर्द्धन गर्ने अवसर प्रदान गर्दछ। यस कार्यक्रम डिभिजन वन कार्यालयमार्फत सम्बन्धित स्थानीय तहका सामुदायिक वन क्षेत्र तथा किसानको निजी जग्गामा टिमुर खेती विस्तारका लागि सञ्चालन गरिनेछ।

उद्देश्यः

• टिमुर प्रजाति विरुवा खेती विस्तार गर्दै स्थानीय किसानको आय वृद्धि र वनजन्य जडीबुटी उत्पादनमा योगदान पु-याउने

कार्यान्वयन विधिः

कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयले स्थानीय तहसँग समन्वय गरी सामुदायिक वन क्षेत्र र निजी जग्गामा टिमुर खेती विस्तार गर्नेछ। इच्छुक किसानले निजी जग्गामा रोपण गर्न चाहेमा डिभिजन वन कार्यालयले आफ्नो नर्सरीमा हुर्केका गुणस्तरीय विरुवा उपलब्ध गराउनेछ। यदि नर्सरीमा उपलब्धता नभएमा निजी नर्सरीबाट गुणस्तरीय विरुवा खरिद गरी किसानलाई उपलब्ध गराउन सकिनेछ।

किसानहरुको छनौट प्रकृया :

- डिभिजन वन कार्यालयबाट इच्छुक किसानलाई प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशन गर्ने,
- इच्छुक किसानबाट प्रस्ताव पेश गर्ने,
- डिभिजन वन कार्यालयबाट प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट,
- छनौट भएका प्रस्तावदाता किसानसँग सम्झौता गरी कार्य सञ्चालन गर्ने ।

अपेक्षित उपलब्धिः

- कार्यक्रम कार्यान्वयनपछि टिमुर प्रजातिको गुणस्तरीय खेती विस्तार हुने, स्थानीय किसानको आयमा वृद्धि हुने र वनजन्य जडीबुटी उत्पादन प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

जनशक्ति व्यवस्थापनः

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी,
- स्थानीय किसान समूह तथा प्राविधिक जनशक्ति ।

जिम्मेवार निकायः:

- सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालय

## ११.४.१७.१३५८ जडिबुटी खेती विस्तार तथा सिचाई ।

पृष्ठभूमिः

जडिबुटी खेती स्थानीय आर्थिक गतिविधि र आयमूलक उत्पादन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दछ। डिभिजन वन कार्यालयले सम्बन्धित स्थानीय तहका सामुदायिक वन क्षेत्र र किसानको निजी जग्गामा गुणस्तरीय र बजारमाग बढी भएका जडिबुटी प्रजातिको खेती विस्तार तथा सिँचाइ सुनिश्चित गर्न कार्यक्रम सञ्चालन गर्नेछ।

उद्देश्यः

• गुणस्तरीय जडिबुटी प्रजातिको खेती विस्तार गर्दै स्थानीय किसानको आय वृद्धि र कृषि उत्पादन प्रवर्द्धनमा योगदान पु-याउने

कार्यान्वयन विधिः

कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयले स्थानीय तहसँग समन्वय गरी सामुदायिक वन क्षेत्र र निजी जग्गामा गुणस्तरीय जडिबुटी विरुवा रोपण गर्नेछ। इच्छुक किसानले निजी जग्गामा रोपण गर्न चाहेमा डिभिजन वन कार्यालयको नर्सरीमा हुर्केका गुणस्तरीय विरुवा उपलब्ध गराइनेछ। यदि नर्सरीमा उपलब्धता नभएमा निजी नर्सरीबाट गुणस्तरीय जडिबुटी विरुवा खरिद गरी किसानलाई उपलब्ध गराउन सकिनेछ।

किसानहरुको छनौट प्रकृया :

- डिभिजन वन कार्यालयबाट इच्छुक किसानलाई प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशन गर्ने,
- इच्छुक किसानबाट प्रस्ताव पेश गर्ने,
- डिभिजन वन कार्यालयबाट प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट,
- छनौट भएका प्रस्तावदाता किसानसँग सम्झौता गरी कार्य सञ्चालन ।

**अपेक्षित उपलब्धिः**

- कार्यक्रम कार्यान्वयनपछि गुणस्तरीय जडिबुटी खेती विस्तार हुने, स्थानीय किसानको आयमा वृद्धि हुने र कृषि उत्पादन प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

**जनशक्ति व्यवस्थापनः**

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी
- स्थानीय किसान समूह तथा प्राविधिक जनशक्ति

**जिम्मेवार निकायः:**

- सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालय

## ११.४.१७.१३४५ ढाडीपात्ले ओखर नर्सरी, पर्ताला ४, कालिकोट ।

यस कार्यक्रम अन्तर्गत ओकरको गुणस्तरीय बिरुवा नर्सरीमा उत्पादन, खरिद, ओसारपसार, बिरुवा रोपणका लागि खाडल खन्न, मल हाल्न, तारबार गर्न, सिंचाई गर्न र अनुगमन गर्न लगायतका कार्यमा खर्च गर्न सकिनेछ। उक्त कार्यक्रम आवश्यकता र सम्भाव्यता हेरि राष्ट्रिय वन, सामुदायिक वन, कबुलीयति वन, खाली पर्ति जमिन र निजी नम्बरी आवादी जग्गामा गर्न सकिनेछ।

पृष्ठभूमि

जडिबुटी खेती तथा ढाडीपात्ले ओखर उत्पादन स्थानीय आर्थिक गतिविधि विस्तार, आयआर्जन तथा कृषिन्य वनज– उत्पादन प्रवर्द्धनका महत्वपूर्ण माध्यम हुन्। डिभिजन वन कार्यालयलेसरोकारवालासँग समन्वय गरी सामुदायिक वन, राष्ट्रिय वन, कबुलीयति वन, खाली पर्ति जमिन तथा निजी नम्बरी आवादी जग्गामा गुणस्तरीय बहुमूल्य जडिबुटी खेती र ओखर नर्सरी स्थापना तथा विस्तार गर्न यो कार्यक्रम सञ्चालन गर्नेछ। यस कार्यक्रम अन्तर्गत ओखरको गुणस्तरीय बिरुवा खरिद, ओसारपसार, बिरुवा रोपणका लागि खाडल खन्न, मल हाल्न, तारबार गर्न, सिंचाई गर्न र अनुगमन गर्न लगायतका कार्यमा खर्च गर्न सकिनेछ। उक्त कार्यक्रम आवश्यकता र सम्भाव्यता हेरी राष्ट्रिय वन, सामुदायिक वन, कबुलीयति वन, खाली पर्ति जमिन र निजी नम्बरी आवादी जग्गामा गर्न सकिनेछ।

उद्देश्य

यस कार्यक्रमको मुख्य उद्देश्य गुणस्तरीय जडिबुटी प्रजाति तथा ओखरको गुणस्तरीय विरुवा उत्पादन, खेती विस्तार गरी वन क्षेत्र तथा स्थानीय किसानको आयआर्जन वृद्धि गर्नु तथा कृषि तथा वनजन्य उत्पादन प्रवर्द्धनमा योगदान पुऱ्याउनु हो। साथै, कम उपयोग भएका जमिनको सदुपयोग गरी दिगो जीविकोपार्जनका अवसर सिर्जना गर्नु पनि कार्यक्रमको उद्देश्य रहनेछ।

कार्यान्वयन विधि

कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयले सरोकारवालासँग समन्वय गरी सामुदायिक वन क्षेत्र र किसानको निजी जग्गामा गुणस्तरीय जडिबुटी तथा ओखरका बिरुवा उत्पादन, खरिद वा रोपण गर्न सकिनेछ । इच्छुक किसानलाई डिभिजन तथा सब- डिभिजन वन कार्यालयको नर्सरीमा उत्पादन भएका गुणस्तरीय बिरुवा उपलब्ध गराउनेछ । नर्सरीमा आवश्यक परिमाणमा बिरुवा उपलब्ध नभएमा मापदण्ड पूरा गरेका निजी नर्सरीबाट गुणस्तरीय बिरुवा खरिद गरी किसानलाई उपलब्ध गराइनेछ। कार्यक्रम बजेटबाट बिरुवा खरिद, ओसारपसार, रोपणका लागि खाडल खन्ने, मल हाल्ने, तारबार गर्ने, सिँचाइ व्यवस्था गर्ने, संरक्षण तथा अनुगमनसम्बन्धी कार्यमा खर्च गर्न सकिनेछ।

किसानहरुको छनौट प्रकृया

डिभिजन वन कार्यालयले इच्छुक किसान तथा समूहबाट प्रस्ताव पेश गर्नका लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ वा कर्मचारी वा मोटिभेटर परिचालन गरी माग संकलन गर्न सकिनेछ । सूचनाअनुसार इच्छुक किसानले तोकिएको ढाँचामा विरुवाको माग पेश गर्नेछन्। प्राप्त प्रस्तावहरूको प्राविधिक, आर्थिक तथा स्थानगत उपयुक्तताको आधारमा डिभिजन वन कार्यालयले मूल्याङ्कन गरी कृषक वा वन समूहलाई विरुवा उपलब्ध गराउन सक्नेछ । छनौट भएका किसान वा समूहसँग डिभिजन वन कार्यालयले सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

अपेक्षित उपलब्धि

कार्यक्रम कार्यान्वयनपछि गुणस्तरीय जडिबुटी खेती तथा ढाडीपाल्ले ओखर नर्सरीको विस्तार हुने, स्थानीय किसानको आयआर्जनमा वृद्धि हुने, कृषि तथा वनजन्य उत्पादन प्रवर्द्धन हुने र स्थानीय स्तरमा भविष्यमा रोजगारीका अवसर सिर्जना हुने अपेक्षा गरिएको छ। साथै, खाली तथा न्यून उपयोग भएका जमिनको सदुपयोग भई दिगो व्यवस्थापनमा योगदान पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन, प्राविधिक सहयोग, अनुगमन तथा मूल्याङ्कनका लागि डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी परिचालन गरिनेछ। आवश्यकताअनुसार स्थानीय किसान समूह, सहकारी संस्था तथा प्राविधिक जनशक्तिको सहभागिता सुनिश्चित गरिनेछ।

**जिम्मेवार निकायः**

यस कार्यक्रमको समग्र कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालयको रहनेछ।

## ११.४.१७.१२७७ पकेट क्षेत्रमा जडिबुटी संरक्षण

यस कार्यक्रम डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र/सम्बन्धित स्थानीय तहभित्र पाइने दुर्लभ एवम् बहुमुल्य जडिबुटी प्रजातिहरुको क्षेत्र पहिचान तथा छनौट गरी तिनको संरक्षण र विकास गर्नका लागि विभिन्न कृयाकलापहरु घेराबार : जस्तै)/तारबार, पुनरुत्पादन संरक्षण, गोडमेल, झाडी सफाई, नयाँ विरुवा रोपण आदि ( सञ्चालन गर्न सकिनेछ । तर उक्त क्षेत्रका इच्छुक किसानहरुले समेत आफ्नो निजी जग्गामा समेतरोपण गर्न चाहेमा तोकिएको जडिबुटी प्रजातिहरु खेति बिस्तारका लागि डिभिजन वन कार्यालयले सम्भव भएसम्म आफ्नो नर्सरीमा हुर्केका गुणस्तरीय विरुवा किसानलाई उपलब्ध गराउनु पर्नेछ र डिभिजन वन कार्यालयको नर्सरीमा उपलब्ध नभएमा निजी नर्सरीबाट गुणस्तरीय विरुवा गरिद गरी किसानलाई उपलब्ध गराउन सकिनेछ ।

पकेट क्षेत्र एवम् जडिबुटी प्रजाति पहिचान गर्दा जिल्लाको हकमा जिल्लास्थित सरोकारवालाहरुको छलफलबाट र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तह अन्तरगतका सरोकारवालाहरु समेतको छलफलबाट छनौट गर्नु पर्नेछ ।

जिल्ला स्थित जडिबुटी पकेट क्षेत्रहरु पहिचान गर्ने, जडिबुटि व्यवस्थापन योजना निर्माण (पालिका स्तरिय), Control Plot Establishment, क्षेत्र पहिचान गरी (mapping) गर्ने, सार्वजनिक तथा वन क्षेत्रमा रहेका पकेट क्षेत्रहरु संरक्षणको लागि तारबार गर्ने, वृक्षारोपणको लागि विरुवा खरिद तथा ढुवानी, पकेट क्षेत्रमा जडिबुटी प्राजतिको रोपण गर्ने, जडिबुटी संरक्षण, समूह तथा सञ्जाल गठन परिचालन, स्थानिय संचार माध्यम बाट प्रचार प्रसार, पाटन क्षेत्रमा फोहर संकलन तथा व्यवस्थापन, जडिवुटि सम्बन्धि जनचेतना मुलक Hoardind Board स्थापना, जडिबुटि खेति, अनुसन्धानका लागि control plot स्थापना, चरिचरण नियन्त्रण, जडिबुटि Hot Spot Conservation, वन हेरालु नियुक्त, रिचार्ज पोखरी निर्माण, Conservation, Management and Implementation "Strategy Plan Of NTFP", अग्नि नियन्त्रण सामाग्रि खरिद तथा वितरण कार्य लगायतका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

किसानहरुको छनौट प्रकृया :

- डिभिजन वन कार्यालयबाट इच्छुक किसानलाई प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशन गर्ने,
- इच्छुक किसानबाट प्रस्ताव पेश गर्ने,
- डिभिजन वन कार्यालयबाट प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट,
- छनौट भएका प्रस्तावदाता किसानसँग सम्झौता गरी कार्य सञ्चालन ।

## ११.४.१७.१३३१, ११.४.१७.१३३७ केशर जडिबुटि खेति विस्तार

**पृष्ठभूमिः**

केशर जडीबुटी खेती आर्थिक रूपमा आयमूलक प्रजातिमा पर्दछ र ग्रामीण क्षेत्रका कृषकहरूको आयआर्जनमा महत्वपूर्ण योगदान दिन सक्छ। यस कार्यक्रम मार्फत केशर खेती प्रवर्द्धन गरी रोजगार सृजना र स्थानीय किसानको आय वृद्धि सुनिश्चित गर्नु आवश्यक देखिएको छ।

**उद्देश्यः**

- केशर जडीबुटी खेतीको विस्तार गर्दै रोजगारी सृजना गर्ने ।

**कार्यान्वयन विधिः**

यस कार्यक्रम अन्तर्गत केशरको गानो खरिद गरी योग्य किसानलाई वितरण गरिनेछ। साथै केशर खेतीको लागि आवश्यक प्राविधिक तथा प्रविधि सहयोग प्रदान गरिनेछ। कार्यक्रम सञ्चालन गर्दा विदेशबाट फर्किएका बेरोजगार, गाउँघरमा रहेका किसान, एकल महिला र युवा कृषकलाई विशेष प्राथमिकताका साथ सहभागी गराइनेछ। यस सम्बन्धि कार्य गर्दा सम्भव भए सम्म वनस्पति सम्बन्धी कार्यालयहरुको प्राविधिक सहयोग लिन सकिनेछ ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रमको कार्यान्वयनबाट केशर खेती विस्तार हुने, स्थानीय कृषकको आय वृद्धि हुने र रोजगार सिर्जना हुने अपेक्षा गरिएको छ।

## (ग) वातावरण विभाग

### ११.४.१७.१७८० हरित पार्क निर्माण, नेवान्हु चोक, उर्लावारी न. पा. ५, मोरङ ।

**पृष्ठभूमिः**

स्थानीय वातावरण सुधार, हरियाली विस्तार र सार्वजनिक उपयोग सुनिश्चित गर्न हरित पार्क निर्माण आवश्यक देखिएको छ। यस कार्यक्रम अन्तर्गत पार्क क्षेत्रमा बोटविरुवा रोपण, बगैचा स्थापना, फूटपाथ निर्माण र फलैचा व्यवस्थापन जस्ता कार्यहरू सञ्चालन गरिनेछ।

**उद्देश्यः**

- पार्क क्षेत्रको हरियाली र सौन्दर्य अभिवृद्धि गर्ने ।

**कार्यान्वयन विधिः**

कार्यक्रम अन्तर्गत पार्क क्षेत्रमाः बोटविरुवा रोपण तथा बगैचा स्थापना, फूटपाथ (पेबल) निर्माण, विश्राम क्षेत्र निर्माण, आदि जस्ता कार्यहरू सञ्चालन गरिनेछ। सम्पूर्ण कार्य प्रचलित नियम, मापदण्ड र स्थानीय समुदायको सहभागितासँग समन्वय गरी कार्यान्वयन गरिनेछ। यस्ता पार्कहरु निर्माण गर्दा सकेसम्म स्थानीय र सौन्दर्यमूलक प्रजाति छनौट र प्राकृतिक साधन र स्रोतको बढी भन्दा बढी उपयोग गर्नु पर्दछ ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनपछि पार्कको हरियाली र सौन्दर्यमा वृद्धि हुनेछ, सार्वजनिक प्रयोगका लागि सुरक्षित वातावरण तयार हुनेछ र स्थानीय समुदायको सहभागिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

### ११.४.१७.१८३७ बेहुली ढुङ्गा वातावरण संरक्षण तथा पूर्वाधार निर्माण, मिक्लाजुङ्ग- ६, पाँचथर ।

**पृष्ठभूमिः**

वातावरण संरक्षण नेपालको दिगो विकास र प्राकृतिक सन्तुलन कायम राख्न महत्त्वपूर्ण चुनौती हो। यस कार्यक्रम अन्तर्गत वातावरण संरक्षण सुनिश्चित गर्न कार्यक्रम सञ्चालन स्थलको सिमाङ्कन, नक्साङ्कन र पूर्वाधार व्यवस्थापन आवश्यक देखिएको छ।

**उद्देश्यः**

- वातावरण संरक्षण दिगोरुपमा सुनिश्चित गर्ने

**कार्यान्वयन विधिः**

कार्यक्रम सञ्चालन स्थल पहिचान गरी सिमाङ्कन र नक्साङ्कन गरिनेछ। उक्त क्षेत्रमा वातावरण संरक्षणका लागिः बारबेरा स्थापना, फोहोरदानी व्यवस्थापन, भू–क्षय नियन्त्रण, जस्ता क्रियाकलापहरू सञ्चालन गरिनेछ।

यदि कार्यक्रम राष्ट्रिय वन क्षेत्रमा कार्यान्वयन हुनुपर्ने भएमा भौतिक संरचना निर्माणको लागि सम्बन्धित मन्त्रालयबाट पूर्व स्वीकृति/अनुमति प्राप्त गरी मात्र कार्य अघि बढाइनेछ। कार्यक्रम खर्च स्वीकृत नर्म्स अनुसार तयार गरिएको लागत अनुमान (ल.इ.) अनुसार मात्र गर्न सकिनेछ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनपछि वातावरण संरक्षणमा सुधार, भू–क्षय र फोहोर व्यवस्थापनमा सुधार तथा दिगो वन व्यवस्थापन सुनिश्चित हुने अपेक्षा गरिएको छ।

**११.४.१७.१९३५ मौसमीडाँडा हरियाली पार्क निर्माण (म्याङलुङ नगरपालिका - ७, तेह्रथुम) ।**

**पृष्ठभूमिः**

म्याङलुङ नगरपालिका–७ स्थित मौसमीडाँडा क्षेत्रमा स्थानीय वातावरण सुधार, हरियाली विस्तार तथा सार्वजनिक उपयोग सुनिश्चित गर्न हरित पार्क निर्माण आवश्यक देखिएको छ। सहरी तथा अर्ध–सहरी क्षेत्रमा खुला हरियाली स्थलको अभावका कारण वातावरणीय सन्तुलन, सौन्दर्य अभिवृद्धि र नागरिकको मनोरञ्जन तथा विश्रामका लागि योजनाबद्ध हरियाली पार्कको विकास अपरिहार्य रहेको छ। यस सन्दर्भमा स्थानीय संस्कृति प्रवर्द्धनसँगै हरियाली पार्क निर्माण गरी उक्त क्षेत्रलाई आकर्षक, सुरक्षित र सार्वजनिक उपयोगका लागि उपयुक्त स्थलका रूपमा विकास गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो।

**उद्देश्यः**

- संस्कृतिक तथा हरियाली पार्क निर्माण गरी हरियाली विस्तार तथा सौन्दर्य अभिवृद्धि गर्ने ।

**कार्यान्वयन विधिः**

- स्थानीय संस्कृति प्रवर्द्धनलाई समेट्ने गरी पार्क क्षेत्रको योजनाबद्ध विकास गर्न सकिनेछ ।
- पार्क क्षेत्रमा बोटविरुवा रोपण, बगैचा स्थापना, फलैचा व्यवस्थापन तथा हरियाली प्रवर्द्धन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।
- फुटपाथ, विश्राम स्थल तथा आवश्यक अन्य भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्न सकिनेछ ।
- सम्पूर्ण कार्य प्रचलित कानून, मापदण्ड तथा स्वीकृत नर्म्स अनुसार तयार गरिएको लागत अनुमान (ल.इ.) बमोजिम मात्र कार्यान्वयन गरिनेछ।

बजेट व्यवस्थापनः

यस शीर्षकमा रु . २५,००,००० बजेट विनियोजन (अक्षरुपी पच्चिस लाख रुपैयाँ मात्र) गरिएको छ। विनियोजित बजेट कार्यक्रम अनुसार बजेट इष्टिमेट गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमका प्रावधानहरु अवलम्बन गरी खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धिः**

- संस्कृतिक महत्व सहितको हरियाली पार्क स्थापना हुनेऽ
- क्षेत्रको सौन्दर्यमा वृद्धि भई वातावरणीय अवस्था सुधार हुनेऽ
- नागरिकका लागि सुरक्षित, व्यवस्थित तथा सार्वजनिक उपयोगयोग्य खुला स्थल विकास हुने ।

**जनशक्ति व्यवस्थापनः**

• सम्बन्धित स्थानीय तह तथा डिभिजन वन कार्यालयका कर्मचारी

• आवश्यकता अनुसार प्राविधिक जनशक्ति

<u>जिम्मेवार निकायः</u>:

• सम्बन्धित डिभिजन वन कार्यालय

• म्याङलुङ नगरपालिका

**११.४.१७.१८२६ मानव स्मृति पार्क र मुगालि बौद्ध शान्ति पार्क निर्माण, चन्दननाथ नगरपालिका, वडा नं. २ र ३, जुम्ला**

<u>उद्धेश्य</u>

मानव स्मृति पार्कको दीर्घकालीन संरक्षण र मुगालि बौद्ध शान्ति पार्कको संरक्षण र स्तारोन्नति यस कार्यक्रमको उद्धेश्य छ।

<u>कार्यविधि</u>

स्थानीय पालिका, डिभिजनल वन कार्यालय र मानव स्मृति पार्कमा संलग्न सरोकारवालाहरुबीच छलफल र अन्तरक्रिया गरी कार्यक्रम तय गर्न सकिनेछ । वातावरण, स्थानीय संस्कृतिमैत्री र सम्भव भएसम्म स्थानीय कच्चापदार्थ तथा स्रोतसाधन प्रयोग गरी मानव स्मृति पार्क र गुम्बाको स्तरोन्नति गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न भए पश्चात सार्वजनिक सुनुवाई समेत गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

कार्यक्रम डिजाइन, लागत अनुमान र कार्य सम्पादन गर्दा आर्थिक ऐन/नियम, सार्वजनिक खरिद ऐन र नियमावली, लगायतका प्रचलित नियम कानुनको परिपालन गर्नुपर्नेछ ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

## (घ) जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम

**११.४.१७.१७६१ हाङमावरक पोखरी निर्माण तथा व्यवस्थापन, कुम्मायक - ४ पाँचथर ।**

**पृष्ठभूमिः**

सिमसार क्षेत्र जैविक विविधता र पानी स्रोत संरक्षणका लागि अत्यन्त महत्त्वपूर्ण छन्। यस्ता क्षेत्रहरुले स्थानीय कृषक, माछा पालन र पर्यटन गतिविधिहरू मार्फत समुदायको आय र जीवनस्तरमा योगदान पुर्याउछन्। यी क्षेत्रको संरक्षण, व्यवस्थापन र दिगो उपयोग सुनिश्चित गर्न योजनाबद्ध कार्यक्रम आवश्यक देखिएको छ।

**उद्देश्यः**

• सिमसार क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

**कार्यान्वयन विधिः**

कार्यक्रम सञ्चालन गर्दा प्रचलित सिमसार नीति तथा प्रचलित ऐन–नियमको परिधीभित्र रही पोखरी निर्माण र व्यवस्थापन कार्यको लागत अनुमान तयार गर्ने, स्वीकृत लागत अनुसार कार्यक्रम सञ्चालन गर्ने, प्राविधिक मापदण्ड र स्थानीय समुदायको सहभागितासँग समन्वय गरेर कार्यान्वयन गर्ने। प्राकृतिक साधन र स्रोतको बढी भन्दा बढी उपयोग गरी कार्यान्वयन गर्ने ।

**अपेक्षित उपलब्धिः**

कार्यक्रम कार्यान्वयनपछि सिमसार क्षेत्रको संरक्षण सुनिश्चित हुनेछ, जलस्रोतको दिगो व्यवस्थापन हुनेछ र जैविक विविधता संरक्षणमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

**पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण ।**

**पृष्ठभूमिः**

नेपालको भिरालो एवम् कमजोर भू धरातलको कारण बाढी, पहिरो, भूक्षय लगायतका प्राकृतिक प्रकोपाहरूले वर्षेनी ठुलो मात्रामा जनधनको क्षति हुने गरेको छ। पहाडी क्षेत्रहरुमा उक्त प्रकोपहरूको नियन्त्रण एवं रोकथाम गर्न गल्छी पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण जस्ता कार्यक्रमहरू संचालन हुँदै आएका छन्।

**उद्देश्यः**

- बाढी, पहिरो, भूक्षय लगायतका प्राकृतिक प्रकोपहरूको नियन्त्रण गर्ने।

**कार्यान्वयन कार्यविधिः**

यो कार्यक्रम भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू वा डिभिजन वन कार्यालयहरूले तोकिएको स्थान वा यस किसिमको जोखिमपूर्ण स्वान पहिचान गरी कार्यक्रम सजालन जोखिम आँकलन, नक्सा तयारी, स.ई तयार, कार्यान्वयन आदि गर्न सक्ने छ। यसका लागि साविक भू-तथा जलाधार संरक्षक्षण विभागले तयार गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि र नक्षय एवं पहिरो नियन्त्रण सम्बन्धी गाईड लाइन वा सन्दर्भ समग्रीहरूको प्रयोग गरी प्राविधिक हिसावले सत्रत हुनेगरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने छ । साथै साबिकको भू-संरक्षण विभागवाट प्रकाशित पहिरो व्यवस्थापन सम्वन्धी guidelines लाई समेत ध्यानमा राखी रान्छी पहिरो नियन्त्रण तथा फलफूल सहितको बायोइन्जिनियरिद्बको क्रियाकलाप संचालन गर्नुपर्नेछ। दुई फरक स्थान तोकियको कार्यक्रमको हकमा हरेक स्थान लाई ५०% रकम

तोकेर टुक्रायर समान वा फरक खरिद प्रक्रियावाट समेत गर्न सकिनेछ। कार्यक्रम सम्पन्न पश्चात् कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरू, बिल भर्पाईहरू लगायतका आवश्यक कागजातहरू संलग्न गरी पेस गर्नुपर्नेछ ।

अपेक्षित उपलब्धि

- भू-क्षय नियन्त्रणमा टेवा पुग्नेछ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूका कर्मचारी वा भू तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरू, समूह/समिति, स्थानीय तह स्थानीय तह ।

जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू
- डिभिजन वन कार्यालयहरू